का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३२०
- २९ पुस २०७८, बिहीबार
- 13 January 2022, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

● कोरोना संक्रमण



| पुस-२१ | पुस-२२ | पुस-२३ | पुस-२४ | पुस-२५ | पुस-२६ | पुस-२७ | पुस-२८ |
|---|---|---|---|---|---|---|---|
| संक्रमित: ४३५ | संक्रमित: ५४० | संक्रमित: ९६८ | संक्रमित: ९४४ | संक्रमित: १,१६७ | संक्रिमित: १,४४६ | संक्रमित: २,४४४ | संक्रमित: ३,०७५ |
| परीक्षण: १०,२६७ | परीक्षण: १२,०९९ | परीक्षण: १४,९७१ | परीक्षण: १३,२४६ | परीक्षण: १२,६३२ | परीक्षण: ११,४२९ | परीक्षण: १५,०३३ | परीक्षण: १३,०३६ |

# सात गुणाले बढ्यो संक्रमण दर, बढाइएन परीक्षण

## ■ यो साता मात्रै ११,०१९ जनामा संक्रमण पुष्टि

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण समुदायस्तरमा देखिएको छ । ओमिक्रोनकै कारण बितेको सातामा मात्रै संक्रमणदर सात गुणाले बढेको छ । तर परीक्षण दर भने सरकार बढाइएको छैन । मंगलबार भन्दा दुई हजार कम परीक्षण बुधबार भयो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका कारण नेपालमा संक्रमण उच्च दरले बढेको छ । 'बिजुली गति'मा संक्रमण बढिरहँदा परीक्षण भने बढ्न सकेको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बुधबार थप ३,०७५ जनामा संक्रमण पुष्टि भएको छ । मंगलबार पुष्टि भएको भन्दा यो ६३१ ले बढी हो भने एक हप्ता अगाडि भन्दा सात गुणाले बढी हो ।

गएको बुधबार ४३५ जनामा संक्रमण पुष्टि भएको थियो । लगातार संक्रमण बढ्ने क्रममा सबैभन्दा धेरै राजधानी उपत्यकामा थपिएको छ । बुधबार काठमाडौंमा १,५३८, ललितपुरमा २३६ र भक्तपुरमा १३४ जनामा संक्रमण पुष्टि भएको थियो । लगातार संक्रमण दर बढिरहेपनि परीक्षण दर भने बढ्न सकेको छैन ।

बुधबार १३,०३६ जनाको परीक्षण परिणाम आएको हो । जबकी गएको साता, २१ पुसमा १०,२६७ जनामा परीक्षण भएको थियो । संक्रमण सात गुणाले बढिरहँदा परीक्षण भने एक साता अगाडिको भन्दा तीन हजार पनि बढ्न सकेको छैन ।

मंगलबारको तुलनामा भने संक्रमण संख्या दुई हजारले घटेको छ । २७ पुस,

– बाँकी पृष्ठ २ मा

## 'ओमिक्रोन एकबाट १० मा सर्छ'



"तेस्रो लहरको ओमिक्रोन भाइरसले एक जनाबाट १० जनालाई सङ्क्रमित गराउने गर्दछ । त्यसैले यो द्रुत गतिमा फैलिन्छ ।"
-प्रा. डा. जनक कोइराला

काठमाडौं/मस- कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको संक्रमण अन्य भन्दा तीव्र गतिमा बढ्ने अनुसन्धानले देखाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रकार सम्मेलनमा सक्रामक रोग विशेषज्ञ प्रा डा जनक कोइराला ओमिक्रोन भेरियन्टले पहिले देखिएको भेरियन्टको तुलनामा धेरै मानिसलाई संक्रमित बनाउने बताए ।

उनका अनुसार ओमिक्रोन भेरियन्ट एक

– बाँकी पृष्ठ २ मा

# शुक्रबार सर्वदलीय बैठक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ पुस ।

निर्वाचन आयोगले शुक्रबार सर्वदलीय बैठक बोलाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाका अनुसार, स्थानीय तहको निर्वाचन लगायत तीन एजेण्डामाथि छलफल गर्न सर्वदलीय बैठक बोलाइएको हो । शुक्रबार बिहान ११ बजे बोलाइएको बैठकमा राष्ट्रियसभा निर्वाचनको अवस्थाबारे जानकारी दिइनेछ ।

आगामी १२ माघमा राष्ट्रियसभा निर्वाचन हुँदैछ । उक्त निर्वाचनको अवस्थाबारे जानकारी दिइने प्रमुख आयुक्त थपलियाले बताए ।
"मुख्यगरी तीन एजेण्डामाथि सर्वदलीय बैठकमा छलफल हुनेछ", थपलियाले भने । राष्ट्रियसभा निर्वाचनमा नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समावादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीले उम्मेद्वारी दिएका छन् ।

१९ पदका निम्ति हुने चुनावमा सत्तारुढ गठबन्धनले भने साझा उम्मेद्वार तय गरेको छ । काँग्रेसले ६, माओवादी केन्द्रले ५, एकीकृत समाजवादीले ५, जसपाले २ र जनमोर्चाले १ जनामा उम्मेद्वारी दिएका छन् । एमालेले भने एक्लै चुनाव लड्दैछ । १९ वटै सिटमा एमाले प्रतिश्पर्धा गर्दैछ ।



राष्ट्रियसभा निर्वाचनको जानकारी र स्थानीय तहको निर्वाचनबारे छलफल गर्न निर्वाचन आयोगले सर्वदलीय बैठक बोलाएको छ ।

प्रदेश-१ मा राप्रपा, प्रदेश-२ मा लोसपा र बागमतीमा नेमकिपाले उम्मेद्वारी दिएका छन् । यो चुनावबारे सर्वदलीय छलफल बोलाइएको छ । शेरबहादुर देउवा प्रधानमन्त्री बनेपछि अहिलेसम्म सर्वदलीय बैठक हुन सकेको छैन । माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी सहभागी बैठकमा सहभागी हुन नसक्ने एमालेको अडान छ । संघीय संसद् अवरोध गर्ने र एकीकृत समाजवादी सहभागी सर्वदलीय बैठकमा सहभागी नहुने अडानमा रहेको एमाले सहित निर्वाचन आयोगले बैठक राखेको छ ।

यो बैठकमा स्थानीय तहको निर्वाचनबारे समेत छलफल हुनेछ । २०७४ मा भएको स्थानीय चुनावको कार्यकाल आगामी वैशाखमा सकिदैछ ।


## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Documentation Officer: 2 Male/ Female**
म्यानपावरमा २ वर्षको अनुभाव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको तथा साउदीको सम्पूर्ण कामको जानकारी भएको र न्यूनतम शैक्षिक योग्यता +२ पास गरेको हुनुपर्नेछ ।

**Office Secretary: 2 Male/ Female**

आकर्षक तलब

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ ।

Candidates can send their CV's through email address: manager@mobhiraservices.com and for further details of above position contact No: 9801085638, 9851083583.

**Mobhira Recruitment Consultanty Service Pvt. Ltd.**
Budhanilkantha-06, Hatigauda, Kathmandu


### संघको साधारणसभा र निर्वाचन अनिश्चितकालका लागि स्थगित

# सहमति भाँडेको एकअर्कालाई आरोप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारणसभा र कार्यसमिति निर्वाचन अनिश्चितकालका लागि स्थगित भएको छ । मुलुकभर कोरोना भाइरसको नयाँ भेरियन्टको संक्रमण बढेपछि संघले जिल्ला प्रशासन कार्यालय काठमाडौंको अनुमति लिई साधारणसभा र निर्वाचनको कार्यक्रम अनिश्चितकालीनरूपमा स्थगन गरेको बताएको छ ।

संघले नयाँ कार्यसमितिको निर्वाचनका लागि गठन गरेको निर्वाचन समिति पनि विघटन गरेको बताएको छ । निर्वाचन समिति विघटनसँगै कार्यसमिति निर्वाचनका लागि बुधबारसम्म भएका सबै प्रक्रिया शुन्य भएका छन् ।

वैदेशिक रोजगार विशेष

संघको १७ सदस्यीय कार्यसमितिको प्रथम उपाध्यक्षमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चद्वारा प्रस्तावित पयुचर स्टार म्यानपावर प्रा.लि.का सञ्चालक हरि बहादुर पाण्डे क्षेत्री, द्वितीय उपाध्यक्षमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चद्वारा प्रस्तावित हेराल्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक प्रमेश्वर अधिकारी र महासचिवमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक प्रा.लि.का सञ्चालक मधुकर रिजालको मात्र उम्मेद्वारी परेका कारणले उनीहरू निर्विरोध निर्वाचित हुने अवस्था थियो ।

राजनीतिक दल निकट वैदेशिक रोजगार व्यवसायीका पाँच संस्थाबीच संघको आगामी निर्वाचन निर्विरोध नेतृत्व चयन गर्ने सहमति भएको थियो । तर उम्मेद्वारी दर्ता गर्दा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल गणतन्त्रान्त्रिक वैदेशिक रोजगार व्यवसायी निकट व्यवसायीबाट सहमतिभन्दा फरक तरिकाले उम्मेद्वारी दर्ता हुँदा सहमतिको प्रयास जुटेको थिएन ।

अध्यक्ष पदमा गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रा.लि का सञ्चालक भुवन सिंह गुरुङ र मञ्चका पूर्व अध्यक्ष रोज ओभरसिज प्रा.लि.का सञ्चालक राम प्रसाद भान्तना, तृतीय उपाध्यक्षमा ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक अख्तर हुसैन र संघका कार्यसमिति सदस्य डाइनामिक स्टाफिङ सोलुसनका सञ्चालक कर्ण राज कटुवाल, सचिवमा एसोसिएसनका पूर्व अध्यक्ष बाबा ह्युमनका सञ्चालक प्रज्ञान न्यौपाने र गुगल ओभरसिजका केशवराज न्यौपाने र

– बाँकी पृष्ठ २ मा


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सूचना

बैदेशिक रोजगार व्यवसायीहरुको छाता संगठनको रुपमा रहेको नेपाल बैदेशिक रोजगार व्यवसायी संघको २९ औ साधारण सभा तथा नयाँ कार्यसमितिको निर्वाचन प्रक्रियालाई सहज बनाउने उद्देश्यले संघका कार्यवाहक अध्यक्षको संयोजकत्वमा पूर्व अध्यक्षज्यूहरु तथा बिभिन्न राजनैतिक संघ/संगठनका प्रतिनिधिहरुको संयुक्त बैठकले सर्वसम्बद नेतृत्व चयन गर्ने भनि गरिएको निर्णयको विपरीत उम्मेदवार मनोनयन गरि सहमतीलाई लत्याउने कार्य भएको र सो सहमति कार्यन्वयन गर्न पटक पटक समय थप गरि गरिएको प्रयास असफल भएको साथै मिति २०७८ पौष २६ गते जिल्ला प्रशासन कार्यालय काठमाडौबाट जारि आदेशमा सार्वजनीक स्थानमा २५ जना भन्दा बढि जम्मा भई भेला, गोष्ठी, सभा गर्न रोक लगाएको हुदाँ अर्को सुचना नआउदा सम्मको लागी नेपाल बैदेशिक रोजगार व्यवसायी संघको साधारण सभा तथा निर्वाचनको सम्पूर्ण प्रक्रिया स्थगीत भएको सम्पूर्ण व्यवसायीज्यूहरुमा जानकारी गराउँदछु ।

कमल तामाङ
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# निवर्तमान कार्यकारी निर्देशकसहित संलग्नलाई कारवाहीका लागि पत्र



**काठमाडौं / मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले नारायणहिटी दरबार संग्रहालयका निवर्तमान कार्यकारी निर्देशक भेषनारायण दाहालसहित संलग्नलाई कारवाहीका लागि पत्राचार गरेको छ ।

मन्त्री आलेले प्रहरी र अख्तियारलाई कारबाहीका लागि पत्र लेखी पठाउने निर्णय मंगलबार गर्नु भएसँगै बुधबार मन्त्रालयले ती दुवै ठाउँमा कारवाहीका लागि पत्र पठाएको हो ।

दरबार सङ्ग्रहालय परिसरमा क्यान्टिन/क्याफ्टेरिया सञ्चालनसम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदनसहित मन्त्रालयले निवर्तमान कार्यकारी निर्देशक दाहाल र बतास समूहको बि म्यानेजेन्टका सञ्चालकलाई मुलुकी अपराध संहिता २०७४ को दफा १४७ अनुसार कारबाहीका लागि बुधबार पत्र लेखी पठाएको मन्त्रालयका सहसचिव तथा प्रवक्ता डा.टोकराज पाण्डेले जानकारी दिए ।

सार्वजनिक सम्पदाविरुद्धको कसुरमा कारबाही गर्न मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएको हो । उक्त पत्रमा निवर्तमान कार्यकारी निर्देशक दाहालले 'सार्वजनिक सम्पत्तिको संरक्षण संवर्द्धन गर्न नसकेकाले'कारबाही गर्न भनी उल्लेख गरिएको छ। मुलुकी अपराध संहिता २०७४ को दफा १४७ मा राष्ट्रिय तथा सार्वजनिक सम्पदा पूर्वस्वीकृतीविना अतिक्रमण, भोगचलन गर्न नपाइने उल्लेख गरिएको छ। यो कसुर प्रमाणित भएमा कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा रु ३० हजार जरिवाना वा दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था रहेको छ ।

यसैगरी दरबार संग्रहालय परिसरमा क्यान्टिन/क्याफ्टेरिया सञ्चालनमा भ्रष्टाचारजन्य क्रियाकलाप भएकाले आवश्यक कारबाही गर्न अख्तियार दुरुयोग अनुसन्धान आयोगलाई समेत मन्त्रालयले पठाएको पत्रमा उल्लेख गरिएको छ । मन्त्रालयले अख्तियारलाई पठाएको पत्रमा दाहालले सरकारले दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न नसकेको, बि म्यानेजमेन्टले गरेको अतिक्रमण रोक्न नसकेको उल्लेख गरिएको छ । मङ्गलबार नारणहिटी दरबार संग्रहालयका प्रमुख कार्यकारी निर्देशक भेषनारायण दाहालले आफ्नो पदबाट राजीनामा दिएसँगै उनको राजीनामा समेत स्वीकृत भइसकेको छ ।

# नक्कली नोट कारोवारमा संलग्न २ जना पक्राउ

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २८ पुस




नवलपरासीमा नेपाली र भारतीय नक्कली नोटसहित २ जना पक्राउ परेका छन् ।

सदरमुकाम परासीका केहि पसलमा नक्कली नोट सटही गरेको भन्ने सूचनाको आधारमा बुधबार जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १२ बस्ने रसिद मोहम्मद र कपिलवस्तु शुद्धोदन गाउँपालिका वडा नं. २ नन्दपुर बस्ने जमाल मुसलमान रहेका छन् । उनीहरुलाई रामग्राम नगरपालिका वडा नं. ५ बद्धचोकबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनीहरुको साथबाट नेपाली १ हजारको २५ थान, भारतीय १ सयको ३ थान र भारतीय ५० को १७ थान नक्कली नोट बरामद गरिएको छ । पक्राउ परेका दुबैजना विरुद्ध मुद्रासम्बन्धी (नक्कली नोट) कसुर मुद्दा दर्ता गरी जिल्ला अदालतबाट म्याद लिई लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मनाङ थानचोक तिमाङमा बिजुली बल्ने

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २८ पुस



मनाङमा गत वर्ष भएको वर्षा र मौसमी प्रकोपका कारण स्थानीयवासीले निकै ठूलो क्षति बेहोर्नु पर्‍यो । वर्षासँगैको बाढीका कारण धेरैको घरबास नै बगाएको थियो भने सार्वजनिक संरचनालगायत बाटोघाटोमा पनि ठूलो क्षति पुगेको थियो । पुनःनिर्माणका काममा आफ्नो क्षमता र पहुँचले भ्याएसम्म नेता लागिपरेका थिए ।

विपतका घडीमा सबै एकजुट भएमा जिल्लावासीको हितका लागि काम गर्नुपर्ने रहेछ भन्ने भावनाका साथ काम गरेकाले कसैले बाटो खुलाउनेलाई प्राथमिकता दिए भने कसैले राहत वितरण र पुनःनिर्माणमा केन्द्रित भए । राहत र पुनःनिर्माणका क्रममा चामे गाउँपालिका-१ तिमाङस्थित विद्युत्गृह बाढीले बगाएको हुनाले वडा १ र २ का बासिन्दा अन्धकारमा बस्न बाध्य छन् । अन्धकार हटाउन यहाँका विभिन्न राजनीतिक दल नेता लागिपर्नु भएको छ ।


तत्कालका लागि सोलार युनिट वितरण गरिए पनि आजको विद्युतीय मागको क्षमता र उपकरणलाई पर्याप्त नहुँदा समस्या थियो । स्थानीयवासीले राखेको माग र प्रष्ट देखिएको आवश्यकतालाई बुझी पूर्वश्रमराज्यमन्त्री टेकबहादुर गुरुङ र मनाङ जिल्ला समन्वय समितिका सभापति तथा उपभोक्ता समितिका अध्यक्ष यज्ञप्रसाद घलेको विशेष पहलमा गृह मन्त्रालय र ऊर्जा मन्त्रालयको निर्देशनमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत स्याल्क्युखोला विद्युत् आयोजनालाई सहयोग प्राप्त भएको छ । उक्त विद्युत्गृह र आवश्यक संरचनाको मर्मत तथा निर्माणका लागि एक करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन भएको बताइएको छ ।

गएको वर्षामा बाढी र पहिराका कारण समस्यामा परेको मनाङका कतिपय स्थानमा अहिले पनि बाटोघाटो बन्न सकेको छैन भने कतै बिजुली र अरु संरचना पनि निर्माण हुन सकेको छैन । तर चामे-१ तिमाङस्थित विद्युतगृह बाढीले बगाएको बिजुली बल्ने भएपछि भने अन्धकारमा बस्न बाध्य भएका बासिन्दा खुसी भएका छन् ।

## दैलेख डायरी

**यामराज बिष्ट/मध्यान्ह**

# दैलेखमा २५ जनाभन्दा बढी भेला हुन रोक



जिल्ला प्रशासन कार्यालय दैलेखले पछल्लो समय कोरोना संक्रमण दर बढ्दै गएपछि सार्वजनिक स्थानमा २५ जनाभन्दा बढीको संख्यामा भेला हुन रोक लगाएको छ । जिल्ला प्रशासन कार्यालय दैलेखले मंगलबार एक सुचना जारी गर्दै नेपालमा कोरोना संक्रमण र नयाँ भेरियन्ट ओमिक्रोन फैलिएको र दैलेख जिल्लामा फैलिन सक्ने अवस्थालाई मध्यजनर गर्दै सार्वजनिक स्थानमा २५ जनाभन्दा बढी व्यक्ति भेला हुन नपाउने व्यवस्था कार्यान्वयनका लागि निर्देशन दिएको हो ।

गृह मन्त्रालयको निर्देशन र कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी)को सिफारिसलाई आधार मान्दै दैलेख जिल्लामा पनि सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी भेला हुने गरी मेला लगाउने, धेरै मान्छे जम्मा भई भेला हुने तथा महोत्सवहरु आयोजना गर्ने जस्ता कार्य नगर्न निर्देशन जारी गरीएको हो । नियमित कार्यक्रम स्वास्थ्यका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने गरी स्थानीय प्रशासनको अनुमतिमा सञ्चालन गर्न पाइने, राजनीतिक, प्रशासनिक र सामाजिक कार्यक्रममा अनावश्यक भिडभाड नपाइने दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेल बताए ।

यस्तै आउँदो माघ ७ गतेदेखि भने सार्वजनिक स्थानहरुमा प्रवेश गर्दा खोपकार्ड अनीवार्य गरिएको छ । माघ ७ गतेदेखि लागू हुने गरी सार्वजनिक स्थानहरु जस्तै कार्यालय, होटल, रेष्टुरेन्ट, सार्वजनिक यातायात बैंक तथा वित्तीय संस्थामा प्रवेश गर्दा अनिवार्यरुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड देखाउनुपर्ने प्रमुख जिल्ला अधिकारी प्याकुरेल बताए । आफुले लगाएको खोपको कार्डको मोबाइलमा खिचिएको फोटो भएपनि मान्य हुने प्रशासनले जनाएको छ ।

## हेलिकप्टरमार्फत सुत्केरीको उद्धार

दैलेखमा एक सुत्केरी महिलाको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । ठाटिकाँध गाँउपालिका-६ की २० वर्षीया कल्पना खत्री सिजापतिलाई अत्यधिक रक्तस्राव लागेर थलिएपछि थप उपचारका लागि सुर्खेत लगिएको हो ।

मंगलबारदेखि नै सुत्केरी व्यथा लागेर थलिएकी कल्पनाको स्थानिय स्वास्थ्य चौकीमा भनेजस्तो उपचार हुन नसकेपछि बुधबार बिहान हेलिकप्टरमार्फत उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले बताए ।

जिल्लामा सुत्केरी महिलाको स्वास्थ्यमा जोखिम भएको जानकारीपछि जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको राष्ट्रपति महिला उद्धार कोषबाट सुत्केरी चनाको हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

## सात...

मंगलबार १५,०३३ जनामा परीक्षण हुँदा २,४४४ जनामा संक्रमण पुष्टि भएको थियो । पुस २६ गते ११,४२९ जनाको परीक्षण हुँदा १,४४६ नजामा संक्रमण पुष्टि भएको थियो ।

पुस २५ गते १२,६३२ जनामा परीक्षण गर्दा ९४४ जनामा संक्रमण पुष्टि भएको थियो । पुस २४ गते १३,२४६ परीक्षण गर्दा ९४४ जनामा संक्रमण पुष्टि भयो । पुस २३ गते १४,९७१ परीक्षण गर्दा ९६८ जनामा संक्रमण पुष्टि भएको थियो । पुस २२ गते १२,० ९९ जनामा परीक्षण गर्दा ५४० जनामा संक्रमण पुष्टि भएको थियो । बितेको साता सवैभन्दा धेरै परीक्षण पुस २५ गते भएको थियो । त्यसदिन १५,०३३ जनामा परीक्षण भएको थियो ।

यो साता मात्रै ११,०१९ जनामा संक्रमण पुष्टि भएको छ । बुधबार दुई जनाको संक्रमणबाट मृत्यु भएको थियो । यो सहित यो साता संक्रमणबाट तीन जनाको मृत्यु भएको छ ।

संक्रमित हुने भन्दा निको हुने संख्या कम भएकाले ११,६९० जना उपचारत छन् । त्यस मध्ये भेन्टिलेटरमा र २२ र आइसियुमा ८७ जनाको उपचार भइरहेको छ । होम आइसोलेसनमा १०,९१०, संस्थागत आइसोलेसनमा ८८० र संस्थागत क्वारेन्टिनमा ६९५ रहेको मन्त्रालयले जनाएको छ ।

## ओमिक्रोन...

जनाबाट १० जनामा संक्रमण सार्ने गर्दछ । "संक्रमणको पहिलो लहरले एक जनाबाट अर्को दुई जनालाई, दोस्रो लहरमा डेल्टा भाइरसले एक जनाबाट चारदेखि पाँच जनासम्म सङ्क्रमित बनाउने गर्दथ्यो", उनले भने, "तर अहिले तेस्रो लहरको ओमिक्रोन भाइरसले एक जनाबाट १० जनालाई सङ्क्रमित गराउने गर्दछ । त्यसैले यो द्रुत गतिमा फैलिन्छ ।" ओमिक्रोन भेरियन्टबाट बच्नका लागि व्यक्ति आफू नै सजक हुनुपर्ने उनको बताउँछन् । "व्यक्तिबाट व्यक्ति सर्ने रोग भएकाले यसबाट बच्न आफू नै सर्तक हुनुपर्दछ" उनले भने, "हामीले जनस्वास्थ्यका मापदण्ड लागू गर्‍यो भने सायद यसले व्यापक रुप लिँदैन ।"

हात नियमित धुने, भीडभाड नभएका ठाउँमा जाने, मास्क राम्रोसँग लगाउने हो भने संक्रमणबाट बच्न सकिन्छ । यस्तै ओमिक्रोन भेरियन्टबाट बच्नका लागि खोप बढीभन्दा बढी मानिसलाई लगाउनु पर्दछ । ओमिक्रोन सङ्क्रमण मानिसमा रुघा लागेर माथिल्लो श्वासप्रश्वास नलिमा इन्फेक्सन (असर) गर्दछ ।

## संघको ...

कोषाध्यक्षमा नौकरी नेपालका सञ्चालक तथा एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकाल र संघकी वर्तमान कोषाध्यक्ष सि.एस.टी सिजन सर्भिसकी सञ्चालिका इन्दिरा गुरुङको उम्मेद्वारी दर्ता भएको थियो । तर अन्तिम अवस्थामा गुरूङले उम्मेद्वारी फिर्ता लिएकी थिइन् ।

कार्यसमिति सदस्यहरुमा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनद्वारा प्रस्तावित कन्फिडेन्ट म्यानपावरका सञ्चालक अनिल बोगटी, सुर्खेत ओभरसिजका गणेश कुँवर र आयुष ओभसिजका कामेश्वर साह (राहुल), गणतान्त्रिक मञ्चद्वारा प्रस्तावित इम्प्लोइमेन्ट ह्युमन रिसोर्सका सञ्चालक केदारनाथ अधिकारी, उज्यालो ओभरसिजका चन्द्र बहादुर लिम्बु, प्रगतिशील मञ्चका तर्फबाट एसिया लिंक सर्भिसेजका मिलन कट्टेल, सल्मा एचआरका सोम बहादुर तामाङको उम्मेद्वारी दर्ता भएको थियो ।

एसोसिएसनका तर्फबाट मोहम्द जुनैद (खोजी रिक्रुटमेन्ट), जंग बहादुर इजम (एलन ओमर्सिज), राजेन्द्र अधिकारी (जेजे ह्युमन), हर्क बहादु लिम्बु (इसिएस इम्प्लोइमेन्ट), कैलाश पाठक (सिल्भर कर्नर), प्रेम राज लावती (एडभान्स रिक्रुटमेन्ट), प्रकाश बोहरा (मार्स म्यानपावर), नगेन्द्र प्रसाद पोखरेल (नबिन) (पुकार इन्टरनेसनल), बिक्रम श्रेष्ठ (शुभहारती म्यानपावर), लक्ष्मण पौडेल (त्रिवेणी ओभरसिज), बिजय कुमार कार्की (इम्पायर इन्टरनेसनल), ऋषिराम कडेल (आर बी ओभरसिज)को उम्मेद्वारी परेको थियो ।

सदस्यमा उम्मेद्वारी दर्ता गराएका पोखरेल, लिम्बू, श्रेष्ठ र जुनैद एसोसिएसनका आधिकारिक उम्मेद्वार थिए । धेरै उम्मेद्वारी दर्ता भएपछि एसोसिएसनले निर्धारित समयभित्र उम्मेद्वारी फिर्ता नलिने उम्मेद्वारहरूलाई अनुशासनको कारबाही गर्ने चेतावनीसमेत दिनु परेको थियो ।

### सहमति नबन्दा दुःखी : तामाङ

संघका कार्यवाहक अध्यक्ष कमल तामाङले सर्वपक्षीय सहमतिपछि पनि उम्मेद्वारी दर्तामा सो अनुसार नहुनु अत्यन्तै दुःखद् भएको बताए । सहमति जुटाउन नै पटकपटक उम्मेद्वारी फिर्ता लिने समय थप गराएको भन्दै कार्यवाहक अध्यक्ष तामाङले आफू कोरोनाको पीडाबाट गुज्रिएका व्यवसायीहरूलाई राहत दिनका लागि विगत हप्ता दिनदेखि अनवरतरूपमा सहमति जुटाउन लागेको बताए ।

सहमतिको उच्चतम प्रयास गर्दागर्दै अध्यक्षमा सहमति नजुट्नु नै चिन्ताको विषय भन्दै उनले कार्यसमितिको अवधि लम्ब्याउन निर्वाचन सारेको आरोप लगाउनु पूर्वाग्रही दृष्टिकोण भएको बताए । 'पदको आकांक्षी रहेको भए स्वतः अध्यक्षको उम्मेदवार बन्ने अवस्थामा सर्वपक्षीय सहमतिको मेहनतमा लाग्नु किन पर्थ्यो ? अध्यक्षमा सहमति भएको भए कार्यसमितिका अन्य पदमा स्वतः सहमति हुने अवस्था थियो,' उनले भने, 'माथि नै नमिल्दा समस्या भयो । सहमति विपरीत अध्यक्षमा उम्मेद्वारी दिएका रामप्रसाद भान्तनालाई सहमतिमा ल्याउन पहल नगर्नेले मलाई आरोप लगाउनुको अर्थ छैन ।'

### पद लम्ब्याउन संघमा 'कू'

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा र निर्वाचन अन्तिम समयमा रोकिनु पद लम्ब्याउन संघमा 'कू' गरिएको आरोप लगाएको छ । मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले लोकतान्त्रिक एसोसिएसन भित्र अध्यक्षको उम्मेद्वारप्रतिको अस्वीकार्यका कारणले सहमति भाँडिएको टिप्पणी गरे ।

मञ्चका पूर्व अध्यक्ष तथा प्रथम उपाध्यक्षका उम्मेद्वार रहेका हरि बहादुर पाण्डे क्षेत्री आफुले निर्वाचन स्थगित नभई यो संघ नेतृत्वको प्रतिगामी कदममा जुटेको र सहमति माथि भएको कुठाराघातको रूपमा लिएको बताए । संघ कार्यसमितिलाई निर्वाचन समिति भंग गर्ने अधिकार नभएको भन्दै निर्वाचन नगराउने संघको कदमलाई व्यवसायीले मुल्यांकन गर्नुपर्ने माग गरे ।

मञ्चका महासचिव डिक बहादुर खत्री (कुमार)ले निर्वाचन रोक्ने काम आफ्नो नेतृत्व लम्ब्याउन संघ कार्यसमितिको सुनियोजित कदम र व्यवसायी विरोधी सिन्डिकेट स्थापित गर्ने प्रपञ्च भएको दाबी गरे ।

### सहमति प्रयास जारी राखिने : एसोसिएसन

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि व्यवसायी एकतालाई निरन्तरता दिनुपर्ने बताएको छ । सहमति नहुनुमा एसोसिएसन नेतृत्वको कुनै कमजोरी नरहेको भन्दै केही व्यवसायी विरोधी केही तत्वका कारणले समझदारी पछि पनि सहमति कार्यान्वयनमा बाधा उत्पन्न गराइएको भन्दै अध्यक्ष ढकालले गुट तथा फुटपरस्त व्यवसायीलाई आम व्यवसायीले चिन्नुपर्ने अवस्था आएको एसोसिएसनको धारणा रहेको बताए । एसोसिएसनको बैठकपछि एसोसिएसनको थप धारणा सार्वजनिक गरिने पनि उनको भनाइ थियो ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका सल्लाहकार कमल सापकोटाले संघको साधारणसभा र निर्वाचन हुन नसक्नुको कारणबारे समीक्षा भइरहेको भन्दै यस पटक निर्वाचन नभएपनि वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्न सहमति र सहकार्यलाई निरन्तरता दिनुपर्ने पक्षमा संगठन रहेको बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले सहमतिको नेतृत्व खोज्नु नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गलत कार्य भएको टिप्पणी गरिन् । निर्वाचनमा एसोसिएसनको तर्फबाट अध्यक्षमा प्रस्तावित गुरूङले भने कुनै प्रतिक्रिया दिएनन् ।

अधिवक्ता देवराज कटुवालले व्यवसायी संघ भन्दा दलगत, जाती, धर्म, वर्ण, भेग र लिङ्गका आधारमा खोलिएका संस्था हाबी भएकाले संघको भूमिका केवल वैदेशिक रोजगार ऐनमा मात्र सीमित पारिएको परिणाम भएकाले खासै फरक नपार्ने बताए ।

## मिलको फित्तामा बेरिएर महिलाको मृत्यु

**अछाम / मस**–अछामको चौरपाटी गाउँपालिका-४ पायलकी ५१ वर्षीया सुन्तली बोहराको मिलमा सलसँगै बेरिदा मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय साँफेबगरका अनुसार साँफेबगर नगरपालिका-१ बैजनाथमा रहेको आफ्नै कुटानीपिसानी मिलमा काम गरिहेको बेला बुधवार एक्कासी सल बेरिएर उनको घटनास्थलमै मृत्यु भएको हो ।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. १९९४/०२/१०

स्वर्गारोहण मिति
वि.स. २०७८/०९/१८

स्व. वनी कुमारी जर्घा मगर

हाम्रा शुभेच्छुक फ्रेण्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा.लि.का संचालक तथा नेपाल मगर बैदेशिक रोजगार व्यवसायी समाजका महासचिव ओम बहादुर जर्घा मगरकी ममतामयी माता

**वनी कुमारी जर्घा मगर**

को ८४ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा मध्यान्ह दैनिक परिवार

**भूल सुधार**

मिति २०७८/०९/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विज्ञापनमा पूर्व स्वीकृत मितिः २०७८/०९/२७, चलानी नं.: ६०१७२५१४, L.T. No.: 255897 र शिर्षकमा ओमनमा रोजगार, कम्पनी नामः Natural Shrimp Aquacalture LLC, र शहर Muscat हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

यूरो ज्वस ईन्टरनेशनल प्रा. लि.

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा शहरी बिकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
गमगढी मुगु

**गै.स.सं.स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७८/०९/२९

यस कार्यालयबाट मिति २०७८/०९/२० गते मध्यान्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मिति २०७८/०९/२७ गते कार्यालयको तोकिएको समय भित्र Hard Copy मार्फत दर्ता हुन आएको पुनर्निर्माण तथा अनुसन्धान विकास केन्द्र गमगढी, मुगु र सेवा फाउन्डेसन नेपाल, दाङको संयुक्त जे.भी.सारभूत रुपमा प्रभाबग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

कार्यालय प्रमुख

**कतारमा रोजगारको अवसर** | कम्पनीः GULF STEEL AND ENGINEERING
शहरःDOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/२८ — चलानी नं.: ६०१७२६०८ — LT. No.: 255934

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ६ गते (20 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Paragon H.R. Management Pvt. Ltd.**
Govt.Lic.No. 1519/074/075
Tokha-5, Basundhara, Kathmandu, Mob.:9851058314,9808531000, Tel:4381027,
E-mail : info@paragohrmanagement.com, Web.: paragohrmanagement.com

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय
यातायात व्यवस्था कार्यालय
ओखलढुङ्गा, रूम्जाटार

प्रस्तुत विषयमा यातायात व्यवस्था कार्यालय ओखलढुङ्गाबाट मिति २०७८/९/२७ मा निजि क्षेत्रका ट्रायल सेन्टरहरुबाट आशय पत्र पेश गर्ने विषयमा प्रकाशित सूचनाको पहिलो अनुच्छेदको पाचौं पंक्तिमा "सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र" हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७०९।२३ मा दर्ता भएको **सिद्धी मार्ट प्रा.लि. नं. २५२३०५** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# अन्तरघातलाई प्रश्रय दिनु हुँदैन : पौडेल



**दमौली/मस-** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा अन्तरघातलाई प्रश्रय दिन नहुने बताएका छन् । कांग्रेस तनहुँ क्षेत्र नं १ को बुधबार डुम्रेमा आयोजित पदस्थापन कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले पार्टीको १४औं महाधिवेशन सम्पन्न भएर नयाँ नेतृत्व आइसकेकाले अब एकजुट भएर अगाडि बढ्नुको विकल्प नभएको बताए ।

उनले भने, 'पार्टीको अधिवेशन सकिएको छ, हिजो जे जसरी चुनाव लडे पनि त्यो आन्तरिक चुनाव थियो, चुनावलाई लिएर अन्तरघातलाई प्रश्रय दिनुहुँदैन । कांग्रेस एकढिक्का भएर आगामी आम निर्वाचनमा जानुपर्छ ।' वरिष्ठ नेता पौडेलले विगतका तीतामीठा अनुभवलाई बिर्सिएर प्रतिपक्षसँग एकजुट भएर लड्नुपर्ने विकल्प नभएको बताए ।

वरिष्ठ नेता पौडेलले आफू कहिल्यै पनि पदका लागि आन्दोलन नगरेको उल्लेख गर्दै भने, 'केपी ओलीविरुद्धको आन्दोलनको नेतृत्व गर्दै गर्दा मलाई प्रचण्डले राष्ट्रपति दिने भयो भनेर पनि अफवाह फैलाए, म पदका लागि आन्दोलन गर्ने मान्छे होइन ।' पौडेलले जीवन रहेसम्म जनताको सेवामा लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा केन्द्रीय सदस्य शंकर भण्डारी, गोविन्द भट्टराई लगायतले कांग्रेस एकढिक्का हुनुको विकल्प नभएको बताए ।

# २४ औँ भूकम्प सुरक्षा दिवस पाटन क्षेत्रमा मनाइने

**काठमाडौं/मस-** यस वर्षको २४ औँ भूकम्प सुरक्षा दिवस पाटन क्षेत्रमा मनाइने भएको छ ।

विसं १९९० माघ २ गते दिउँसो २:२४ बजे भूकम्प गएको सम्झनामा आगामी माघ २ गते विभिन्न कार्यक्रम गरी देशभर २४ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइँदैछ । 'भूकम्पीय सचेतना, सुरक्षित संरचना' नाराका साथ दिवस मनाउन लागिएको बुधबार सहरी विकास तथा भवन निर्माण विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । विसं २०५५ देखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रूपमा मनाउन थालिएको हो । भूकम्पका बारेमा जनचेतना जगाउने उद्देश्यले सरकारले यो दिवस मनाउन शुरु गरेको थियो ।

यो दिवस मनाउन थालेपछि विसं २०७२ वैशाख १२ गते शनिबार ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको भूकम्पले करिब नौ हजार मानिसको ज्यान लियो । आठ लाखभन्दा बढी निजी घर ध्वस्त भए । नौ सयभन्दा बढी पुरातात्विक सम्पदा भत्किए । सिन्धुपाल्चोक, दोलखा, गोरखा, रामेछाप, ओखलढुङ्गा, सिन्धुली, काभ्रेपलाञ्चोक, मकवानपुर, धादिङ, नुवाकोट, रसुवा, काठमाडौँ, ललितपुर र भक्तपुरमा भूकम्पले बढी क्षति पुर्‍यायो । अन्य १८ जिल्लामा आंशिक क्षति पुग्यो । ६ वर्षअघिको भूकम्पले क्षति गरेका संरचनाको पुन:निर्माण जारी छ । पुन:निर्माण गर्न स्थापना भएको राष्ट्रिय पुन:निर्माण प्राधिकरणको छ वर्षे अवधि सकिए पनि पुन:निर्माण भने सकिएको छैन । सम्बन्धित विभागबाट क्षति पुगेका संरचनाको पुन:निर्माण जारी छ ।

भूकम्पले भवन भत्किएर क्षति नपुगोस् भनी जनचेतना जगाउन भूकम्प सुरक्षा दिवस मनाउन थालिएको हो । पत्रकार सम्मेलनमा विभागका महानिर्देशक पद्मकुमार मैनालीले पश्चिम नेपालमा ५०० वर्षअघिदेखि ठूलो भूकम्प नगई शक्ति सञ्चय भएकाले त्यस क्षेत्रमा बढी चेतना जगाउन आवश्यक भएकामा जोड दिए । दाङबाट पश्चिमका जिल्लामा निर्माण हुने संरचनामा विशेष ध्यान दिएर विभागले काम गरिरहेको उनले बताए । भूकम्प सुरक्षा दिवस मूल समारोह समितिअन्तर्गतको प्रचारप्रसार उपसमितिका संयोजकसमेत रहेका महानिर्देशक मैनालीले तीनै तहका सरकार मानिसको जीवन रक्षाका लागि जनचेतना जगाउन लागिपरेको बताए । चेतना जगाउने उद्देश्यअनुरूप विसं २०५७ देखि नै विभागले घर निर्माणमा संलग्न हुने प्राविधिकलाई तालिम दिन शुरु गरेको छ ।

भूकम्पले भवनमै क्षति पुग्ने र त्यसले मानिसको जीवन लिने भएकाले दिवसका माध्यमबाट चेतना जगाउन विभाग लागिपरेको उपमहानिर्देशक रामचन्द्र दङ्गालले बताए । दिवसको मूल कार्यक्रम यस वर्ष पाटन दरबार क्षेत्रमा गरिने भएको छ । कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवालगायत विशिष्ट व्यक्तित्वले सम्बोधन गरेका छन् ।

# बाह्रवर्षे मकर मेलामा स्वास्थ्य मापदण्ड अपनाएर मात्र स्नान

**काभ्रेपलाञ्चोक/मस-** ऐतिहासिक, धार्मिक-सांस्कृतिक, पर्यटकीय तथा पुरातात्विक नगर पनौतीमा बाह्रवर्षे मकर मेला लाग्न अब एक दिन मात्रै बाँकी छ । मकर संक्रान्तिदेखि माघ महिनाभर चल्ने उक्त मेलामा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर २५ जनाभन्दा कम व्यक्तिको उपस्थितिमा मात्र स्नान गर्न पाइने भएको छ ।

जिल्लास्थित कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचारसम्बन्धी केन्द्र (डिसीसीएमसी)को बैठकले कोरोना संक्रमणको उच्च जोखिम रहेकाले सार्वजनिकस्थलमा २५ जनाभन्दा बढी भेला हुने गरी कार्यक्रम तथा महोत्सव नगर्न स्थानीय तहसँग आग्रह गरेको छ ।

साथै पनौती नगरपालिका-७ त्रिवेणीघाट क्षेत्रमा सञ्चालन हुने १२ वर्षे बृहत् मकर मेलामा २५ जनाभन्दा कम र भीडभाड नहुने गरी स्वास्थ्यका सम्पूर्ण मापदण्ड अपनाई भक्तजनलाई स्नानमात्रै गर्ने व्यवस्था मिलाउन सुरक्षा निकाय, पनौती नगर कार्यालय तथा मेला व्यवस्थापन पक्षलाई आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले बताए ।

नगरपालिका कर्यालयले सूचना जारी गर्दै स्वास्थ्यका मापदण्ड अपनाएर मेला तथा अन्य विविध कार्यक्रम स्थगन गरिएको जनाएको छ । मेला लाग्ने प्रमुख स्थान पनौतीस्थित त्रिवेणीघाट हो । पनौती संघीय राजधानी काठमाडौँबाट पूर्वतर्फ २५ किलोमिटर तथा बनेपाबाट ६ किलोमिटर दक्षिणमा पर्छ । मेलाका लागि नगरले गत वर्ष रु पाँच करोड र यस वर्ष रु तीन करोड बजेट छुट्याएको छ ।

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive
### Itahari, Sunsari

**Invitation for Bids**

**First Date of Publication:2078/09/29 (13th January 2022)**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount without Vat (Nrs) | Bid Validity Period | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/ 36W/078/079 | Construction of Bituminous/Asphalt road West to Singabahine, Janakalyan Tole & Entrance of Gumba. Itahari-03, Sunsari | 28,03,292.67 | 90 days | 88,000.00 | Invitation |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may **Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.**

## Thori Rural Muncipality
## Office of Muncipal Executive
### Ghyangdanda, Parsa
### Province No. 2, Nepal

**Invitation for Opening of Price Bids**

**Date of Publication: 2078/09/29 (13th January, 2021)**

In reference to the invitation for bids notice Published on 2078-8-15 (1st Dec, 2021), in the Rajdhani national daily newspaper, the following bidders are selected as responsive bidders from the technical evaluation. The following responsive bidders are thus invited to attend the price bid opening.

**Detailed of Technical Evaluation**

**Invitation No.:** TRM/NCB/10/2078-079

**Name of the Work:** Construction of Thori Information Technology (IT) College

| S. No. | Name of Bidder | Responsive/ Non-Responsive | Remarks |
|---|---|---|---|
| 1 | Kashyap/Ayushree JV | Non-Responsive | Section VI Work Requirement not seen, Masters Certificate not Complied, Same Certificate of Master as in Kabindra/Om Sai J.V. |
| 2 | Santosh Nirman Sewa | Non-Responsive | Section VI Work Requirement not seen |
| 3 | Habitat Construction Engineers Pvt. Ltd. | Non-Responsive | Section VI Work Requirement not seen |
| 4 | Kabindra/Om Sai J.V. | Non-Responsive | Same Certificate of Masters as seen in Kashyap/ Ayushree J.V. |
| 5 | Ganesh Kunda Infrastructure And Builders Pvt. Ltd | Non-Responsive | Section VI Work Requirement not seen |
| 6 | R.B. Urban Builders And Suppliers Pvt. Ltd. | Non-Responsive | Masters Certificate not Complied |
| 7 | Banshakti-Taj J.V. | Responsive | |

**Details of Price Bid opening**

**Date:** 20th January, 2022 at 13:00 Pm

**Place:** Thori Rural Muncipality, Parsa

**Chief Administrative officer**


साउदीमा रोजगार | कम्पनी: Sunrise Sahara General Contracting Company
शहर: Saudi

पूर्व स्वीकृत मिति: २०७८/०९/२८ चलानी नं.: ६०१७२६१२ LT. No.: 256016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 5 | 0 | | 2200 | ६९,१२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ६ गते (20 January 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, बसुन्धारा, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३, मो.: ९८४१९९६५७१, ९८४१९९६५७२, ९८५४१९९६५७३
Email : trivenioverseas.nepal@gmail.com, trivenioverseas.laxman@gmail.com , Web:www.trivenioverseas.com


## JUGAL RURAL MUNICIPALITY
### Office Of The Rural Municipal Executive
Baramchi, Sindhupalchok
Bagmati Province, Nepal

**Invitation for Bids**

**Date of publication: 2078/09/29**

1. **Jugal Rural Municipality** invite Sealed bids or electronic bids from Nepalese eligible bidders for the Procurement and Supply of Following Goods under National Competitive Bidding procedures and Sealed Quotation Procedure.

| Contract ID | Description | Estimated Amount (without VAT) | Bid Security Amount Nrs. | Price of Bid Document Nrs. | Bid Purchase Last Date, Time | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|---|
| JRM/SQ/ 09/2078-79 | Procurement and Supply of HDPE pipe | 1700940.00 | 45,000 | 1,000 | 2078/10/12 at 16:00 PM | 2078/10/13 at 12:00 Noon | 2078/10/13 at 13:00 PM |
| JRM/NCB /10/2078-79 | Procurement and delivery of Gabion Box | 2814000.00 | 77,500 | 3,000 | 2078/10/27 at 17:00 PM | 2078/10/28 at 12:00 Noon | 2078/10/28 at 13:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website www.bolpatra.gov.np/egp or Jugal Rural Municipality office, Baramchi.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Bibhid account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NCC Bank, Jugal Branch Name of Office: Jugal Rural Municipality
   Office Code no.: 23-365-22
   Sthaniya Srot No: 145000000010Y (For Bid Document)
   Dharauti Khata No: 1450000026101 (For Bid Security)
4. Bids must be valid for a period of 45 days for Sealed Quotation and 90 days for National Competitive Bidding after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**


HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
ADMISSION OPEN
सम्पर्क
Hilton Academy
of Hotel Management & Culinary Arts

## सम्पादकीय

# विश्वाशको खाँचो

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले केही दिन अगाडि सरकारले स्थानीय चुनाव नगराउन चाहेको आरोप लगाए । आगामी वैशाखमा हुनुपर्ने स्थानीय चुनाव नगराउने तयारीमा सरकार रहेको ओलीको भनाइ थियो । असंवैधानिक कदम चाल्दै प्रतिनिधिसभा विघटन गरी मध्यावधि चुनाव घोषणा गर्ने ओलीको चुनावी चाहना राजनीतिक अभिव्यक्ति रहेको आशंका गर्न सकिन्छ । गएको वर्ष पुस ५ गते ओलीले प्रधानमन्त्रीको हैसियतमा प्रतिनिधिसभा विघटन गर्दै मध्यावधि चुनावको घोषणा गरेका थिए । तर ओलीको असंवैधानिक निर्णय सर्वोच्च अदालतबाट बदर भयो । ११ फागुन २०७५ मा प्रतिनिधिसभा पुनर्स्थापना भयो । फेरि ओलीले २०७८ जेठको मध्यराति दोस्रोपटक प्रतिनिधिसभा विघटनको निर्णय लिए । त्यो पनि सर्वोच्च अदालतले बदर गरिदियो ।

दोस्रोपटक प्रतिनिधिसभा विघटनको निर्णयमा परेको रिटमाथि भने मागदावी बमोजिम सर्वोच्च अदालतले ओलीलाई पदमुक्त गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दियो । पाँच वर्षे जनमत विपरीत ओलीले कदम चालेपछि विपक्षी भूमिकामा पुगेका ओलीले लगातार ताजा जनादेशको पक्षमा वकालत बोलिरहेका छन् । जबकी मुलुकमा अहिले पनि चुनाव गराउनु खतरापूर्ण छ । किनभने लगातार कोरोना संक्रमण बढिरहेको छ । तेस्रो लहरको संक्रमण उच्च दरमा बढिरहँदा ओलीले सरकार चुनावको पक्षमा नरहेको आरोप लगाएका छन् । प्रतिनिधिसभा विघटन गरी मध्यावधिको वकालत गर्नु र स्थानीय तहको नियमित चुनाव नगराउनु एउटै होइन । किनभने स्थानीय तहको चुनाव समयमा हुन सकेन भने कानूनी अड्चन आउनेछ भने संविधानको शासन कमजोर हुनेछ ।

तर ओलीको आरोप अभिव्यक्त भएलगत्तै बुधबार निर्वाचन आयोगले सर्वदलीय बैठक बोलाएका छन् । शुक्रबार बिहान ११ बजे बस्नेगरी सर्वदलीय बैठक बोलाएका छन् । यो सर्वदलीय बैठकको एजेण्डा राष्ट्रियसभाको चुनावी तयारी र स्थानीय तहको चुनावको तयारी रहेको आयोगले जनाएको छ । दलहरूको परामर्शमा आयोगले स्थानीय चुनावको तयारी गर्नेछ । तर फेरि संक्रमणको खतरा हटिसकेको छैन । यदि कोरोना महामारीको खतरा कम भएमा स्थानीय चुनाव नियमित गराउनुको विकल्प छैन । तर सामान्य अवस्थामा चुनाव नगराउनु सरकार र संविधानको असफलता हो । त्यसैले चुनावलाई सन्देहको विषय बनाउनु भन्दा पनि दलहरूबीच यो बेला राष्ट्रिय एकताको खाँचो छ । परिस्थिति हेरेर नागरिकको जीवनरक्षालाई प्राथमिकतामा राख्दै विश्वासका साथ निर्णय गर्न लिन आवश्यक छ ।

# हाम्रो इतिहास र हाम्रो स्वाभिमान

विश्वमा एक्लै वीर गोर्खालीको नामले चिनिएको देश अहिले आयातमुखी र धेरै हदसम्म परमुखी र औपनिवेशिकतामा रहेको भान हुन्छ । भाषा, भेषभुषा, रहन सहन, अर्थ प्रणाली राजनैतिक प्रणाली केमा छैन औपनिवेशिकता यहाँ ।

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



देशभरि दिवसै दिवस मनाइन्छ, दिन दिनै पर्छ दिवस । तर, राष्ट्रिय एकता दिवसमा देशले एक दिन बिदासम्म दिन सकेन । विगतदेखि भएको प्रथालाई समेत खारेज गरियो । बिदा दिन माग गरिएको छ तर, यो पंक्ति तयार गरुन्जेल यसले सार्थकता पाएको छैन । यद्यपि यो देश अहिलेसम्म कसैको अधिनमा छैन । विश्वमा एक्लै वीर गोर्खालीको नामले चिनिएको देश अहिले आयातमुखी र धेरै हदसम्म परमुखी र औपनिवेशिकतामा रहेको भान हुन्छ । भाषा, भेषभुषा, रहन सहन, अर्थ प्रणाली राजनैतिक प्रणाली केमा छैन औपनिवेशिकता यहाँ ?

राष्ट्रिय मुखपत्र दैनिकमा 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामय, सर्वे भद्राणी पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्' भनी प्रकाशन हुन्थ्यो तर, हटाइयो । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि' भनिन्थ्यो त्यो पनि छैन । वालकृष्ण समले भनेका थिए देशभक्ति त मर्दैन चुत्थै देश भए पनि । यो देशको एकीकरण कसले गरेको होला, कसैलाई सम्झनै नपर्ने ? के हामी आकाशबाट झरेका हौं ? हाम्रो वीर पुर्खा छैन ? कहाँ छ हाम्रो इतिहास ? कति थियो हाम्रो सिमाना, अहिले पनि सिमाना मिचिएको छैन र ? दिव्योपदेशको किन चर्चा नै हुन्न, त्यहाँ घरेलु, कुटीर उद्योग अनि विदेशीलाई गर्नुपर्ने व्यवहार छैन ? के अहिले जस्तो विदेशीको शरणमा रहनु पर्ने भनिएको थियो र ? हो, अहिले मुलुकको राष्ट्रियता कमजोर भएको छ । सुगौली सन्धिपछि कायम भएको मेची महाकाली भूगोल हामीले दरिलो र भरिलो बनाउनु पर्ने हो, तर राजनैतिक रडाको छ । देशलाई चिरा चिरा पारिएको छ । भागवण्डा गरिएको छ । यति सानो देशमा राजनैतिक संयन्त्रहरु अनगिन्ती छन् । नेपालीहरु लाखौं विदेशमा भाँडा माझ्दै छन् । एउटै भवनमा ५/५ वटा मन्त्रालयहरुको साइनबोर्ड राखेर के जात्रा देखाएको हो, राजनैतिक व्यक्तिहरु देश बाहिर गएर बाहिरकालाई भित्र ल्याउनु पर्ने बेला भएन र ? कसको लागि राजनीति गरिएको हो, के यसअघि कसैले यो देश चिनेकै थिएन र ? श्री ३ हरुको १०३ को शासन त ढल्यो भनेपछि अहिलेको जर्जर अवस्थाबाट देशले त्राण नपाउने, विदेशीको झोला कति दिन हेर्ने, स्वदेशी उत्पादन खोइ ?

सीमा विवादको प्रसंग खुलेर बाहिर आएको छ । भाइचाराको सम्बन्ध दक्षिण हाम्रो मितेरी साइनो मजबुत हुनुपर्छ । सुगौली सन्धिपछि मुलुकमा भक्तिधाराको प्रवाह बढेको हो । भानुभक्तले रामायणलाई त्यतिकै लोकभाषामा उजागर गरेका होइनन् । राष्ट्रियताको मियो राजनीतिमै हुन्छ । केही दशक यतादेखि राजनीति रंगकर्मीहरुको थलो बनेको छ । भारतीय जमीन खासगरी दिल्ली सानोतिनो झरीमा पनि दिल्लीको छाता नओढी सुख छैन । चालु नयाँ राजनैतिक परिवेशको सुत्रपात बाह्रबुँदे सम्झौता दिल्लीमै भएको थियो । नेताहरुले उतै पढे, उतै हुर्के, उतै साथीभाइ बनाए । खानपिन, बस् उठ, रहनसहन उतैतिर सिकियो । यताबाट निर्वासित हुँदा होस् वा स्वतन्त्र जीवन यापन गर्दा होस्, भाषा संस्कृतिले डोऱ्याएर होस् सामाजिक परिवेश बिहाबारी, लेनदेन, आर्थिक लेनदेन बजार विविधीकरण या भनौं धार्मिक, सांस्कृतिक परिवेशले नेपाल भारतको सम्बन्ध पुरानै युगदेखि प्रगाढ रहिआएको छ । उत्तरतिर भृकुटीको नामले दक्षिणतिर सीताको नामले पनि धार्मिक, अध्यात्मिक क्षेत्र, नारायणी, विश्वनाथ होस् या पशुपतिनाथ, चारैधाम होस् या द्वादश ज्योति लिंग, पिण्ड पानीदेखि मूंक्ति क्षेत्रसम्म जनकपुर होस् या अयोध्या नेता वी.पी, जी.पी.,वाजपेयी । गान्धी, नेहरु पुराना नयाँ पुस्तादेखि मोदी युगसम्म नेपाल भारतका सम्बन्ध चिसो तातो हुँदै गर्मी, ठण्डा हुँदै, अध्ययन, अवलोकन, आरोह, अवरोह हुँदै लामो इतिहासदेखि हालसम्मको धरातलमा आइपुगेको छ । पटक-पटकको सीमा विवाद, आर्थिक नाकाबन्दी कुनैबेला भात भान्सा बन्द स्वासप्रस्वास रोकिँदा पनि अबोध बालकझै निरीहझै बस्यौं हामी भक्ति र भजन गर्दै । अधिकांश हाम्रो अर्थ बजार आयात निर्यात भारतीय भूमिको विकल्प छैन आजसम्म । मजासँग चल्दै आएको तातोपानी व्यापार नाका लामो समयदेखि बन्द छ । काठमाडौं केरुंग बाटो साह्रै असजिलो छ । कसरी हो कुन्नी हाम्रा बीर बहादुर शाहले केरुंग कुतीसम्म व्यापार सहज बनाए ।

> भूपरिवेष्ठित भूमिको कारण मात्र राष्ट्रियता कमजोर भएको भने पक्कै होइन । राष्ट्रियता भन्नु भूगोल मात्रै होइन, मुटु पनि हो । माया विना मुटुको धड्कन चल्न सक्दैन माया भन्नु स्वदेशको माया हो, स्वदेशीपन हो । नेपाल अरुको उपनिवेशमा परेन तर, आर्थिक औपनिवेशिकता, परनिर्भरता, भाषिक औपनिवेशिकता, आयातित संस्कृतिले मुलुकको राष्ट्रियतालाई गल्र्याम गुर्लुम ढालेको छ ।

भूपरिवेष्ठित भूमिको कारण मात्र राष्ट्रियता कमजोर भएको भने पक्कै होइन । राष्ट्रियता भन्नु भूगोल मात्रै होइन । मुटु पनि हो । माया विना मुटुको धड्कन चल्न सक्दैन माया भन्नु स्वदेशको माया हो, स्वदेशीपन हो । नेपाल अरुको उपनिवेशमा परेन तर, आर्थिक औपनिवेशिकता, परनिर्भरता, भाषिक औपनिवेशिकता, आयातित संस्कृतिले मुलुकको राष्ट्रियतालाई गल्र्याम गुर्लुम ढालेको छ । मुलुकमा रोजगारी छैन । स्वेच्छा वा विवसताले नेपालीहरु विदेशिएका छन् । बूढावा आज घर गोठको चिस्यानमा छन् । छोरो जापानमा छ, बुहारीलाई लण्डनको चिसोले छोला भन्ने डर छ । छोरी कोरिया छिन् उनका पति अर्थात् जुवाँई कतारमा छन् । सालो बैंककमा छ, साली अष्ट्रेलियामा । सासु ससुरा सम्धीहरु यतैउतै शहरमा कोठा खोजी बसेका छन् ।

आयातित सामान र तिनबाट हामीले विकासको मूल फुटाउने इच्छा गरेका छौं । मुलुको राष्ट्रियतारुपी गाडी बलियो हुन आफ्नै धर्म, संस्कृति, भाषा र भूमिरुपी चार पाङ्ग्रा हुन जरुरी छ । भूमिको कुरामाथि भयो । भूमिमा पनि कहिल्यै टनकपुर र महाकाली सन्धिको कुरा भएन । कहिले चाँदनी दोधाराको, कहिले लिपुलेकको, कहिले कोशी सम्झौताको, कहिले त्रिवेणी-सुस्ताको, कहिले मेचीपुल वरिपरिको सीमानाको । विश्वकै एकमात्र हिन्दु राष्ट्रको नाम झिकिसक्यौं हामीले । पावन पशुपतिनाथको एकमात्र भूमि नेपालमा मौलिक धर्म, हिन्दु त्यो अब रहेन । विश्वको आँखा यता तान्न सकिन्थ्यो, मुलुक नेपाल भन्दा नेपाल र नेपालीको मुहार सगरमाथाको शिरझै उचो हुन्थ्यो यसमा हाम्रो गहिरो ध्यान गएन ।

मुलुक बहुआयामिक संस्कृतिको धनी छ । तर मुलुकभित्रको संस्कृतिमा अब धमिरा लाग्न सुरु भएको छ । सबै संस्कृतिलाई धेरै फूलहरु मिलाएर एउटै धागोमा बाँधेर माला बनाएझै रंगीन, हराभरा बनाएझैं एक सुत्रमा आबद्ध थियो पहिले । अब एक अर्काप्रति अविश्वासको संस्कृति हुर्केको छ । विदेशी सस्कृतिले बढी प्रश्रय पाउन थालेको छ । बत्ति बालेर पूजा गर्नुको सट्टा बत्ति निभाएर जन्मोत्सव मान्ने उल्टो संस्कृति भित्रेको छ । खानपिन, रहनसहन, लवाई, भाषा, भेषभुषा सबै विदेशी संस्कृतिमय बनेको छ । कुनैबेला यस्तो संस्कृतिको सबैलाई उराठ लाग्न सक्छ, समयमै बुद्धि नपुऱ्याए । वैवाहिक जोडीको संस्कृति भन्दा पारपारचुकेको संस्कृति भित्रिरहेको छ । विदेशीहरुले यहाँको मौलिक संस्कृतिलाई लोप गराई राष्ट्रियतामाथि धावा बोलिरहेका छन् । नजानिदो रुपमा भन्दा मन्द विष खुवाइरहेका छन् ।

लैगिंक र जातीय असमानतालाई हटाइनुपर्छ । भौगोलिक विकटता र आर्थिक असमानतालाई हटाइनुपर्छ । राष्ट्रिय हित, राष्ट्रिय स्वार्थभन्दा कोही ठूलो हुन सक्दैन । हाल गणतन्त्र नेपालले धेरै विषयमा फड्को मारेको छ । मुलुकको संरचना संघीय प्रणालीमा छ । तर यो प्रणाली बहुत खर्चिलो छ । विश्वका कम मुलुकमा मात्र यस्तो शासन पद्धतिले पश्रय पाएको छ । जनतालाई सार्वभौम गराउनु पर्छ तर, बोलीले मात्रै होइन यो व्यवहारले पनि हुनुपर्छ । मौलिक अधिकारको पुलिन्दा कागजमा लेखेरमात्र हुँदैन व्यवहारमा कति छ भुक्तभोगी नै जानून् ।

नेताहरुको निहित स्वार्थभन्दा नीतिले नै सञ्चालित हुनुपर्छ मुलुक । नेपालमा एक किसिमको द्वन्द्व कायमै छ । राजनैतक परिवर्तन पुरा भएको भनिए पनि आर्थिक समृद्धिको मार्गमा राज्य खुलेर लाग्न सकेको छैन । दिगो विकास र समृद्धिका लागि मुलुकको आफै चिनारी हुन जरुरी छ । भाषिक औपनिवेशिकता छ यहाँ भर्खरै बोली सिक्न लागेको बच्चाले पिता, माता वा हजुरबा भन्न जान्दैन । उसले भन्न जान्दछ डेडी, ममी, कुकुर भन्न जान्दैन पपी भन्छ । काकाकाकी भन्दैन, अंकल, अन्टी भन्छ । यस्ता उदाहरण छन् । अन्य मुलुकका आफ्नै भाषा छन्, थाइल्याण्ड, चीन, जापान, जर्मनी, रुस, कोरिया सबैको आफ्नै भाषा छ ।

युगौंयुगदेखिको इतिहास बोकेको सुन्दर, शान्त र विशालको नारा लिएको मुलुक भूपरिवेष्ठित बाध्यता र विवशतासँगै आशैको आशाको त्यान्द्रोमा बसिरहेको छ, बहुमूल्य खनिज छ, हामीसँग हिमालको गर्भगृहमा सुन छ । वन पैदावार, जडिबुटीको खानि हो मुलुक । उपयोग गर्न, उत्खनन गर्न, उपभोग गर्न सकिएको छैन । हामी भिक्षार्थी भएका छौं, ग्याँसको, मट्टितेलको, पेट्रोलको, हवाइ इन्धनको । हो, सबैथरि सबैथोक एकै ठाउँमा एउटै भूगोलमा नहुन सक्छ, नपाइन सक्छ । सँधै पाइने वस्तु पानीको प्रयोग पनि हामीले सही ढंगले गर्न सकेका छैनौं । शुद्ध पिउने पानीको सँधै हाहाकार छ, खेतीपातीमा सिँचाइ सुविधा पुगेको छैन, पानीबाट उत्पादन हुने विद्युतको संकट खेपेको खेप्यै छौं, हामी । हो, हाम्रो बोलीमा सत्य भन्दा मित्थ्या धेरै, व्यवहारमा सत्यभन्दा झूठ धेरै छ, हामीसँग कृषिमा हाम्रै मल खाद र बीउ बीजनले भन्दा रासायनिक मल र हाइब्रीड बीउले प्रश्रय पाएका छन् । देशको साँच्चै माया गर्ने वीर सपुत नेपाली आमाले कहिले जन्माउलिन्, कति युग पर्खनु पर्ला ?

## सामाजिक सञ्जाल




**- विज्ञान कोइराला**

नेपाल वायुसेवा निगमको ऋण २०५८ सालमा २ अर्ब ४४ करोड र २०७८ सालमा ४५ अर्ब । यो संस्थालाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाउन 'निजीकरण' या 'कम्पनी मोडल'मा चलाउन सक्ने उदार सोच भएको मन्त्री कहिल्यै नियुक्त नहुने भो, यो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ।



**- डम्बर खतिवडा**

पृथ्वी नारायण शाह बेकामे मान्छे थिए भनेर कसैले भन्या छैन । नेपाल राज्यका संस्थापक, राष्ट्रनिर्माता चाहिँ हैनन् । भौगोलिक पुनर्एकिकरणका अभियन्ता हुन । पृथ्वी जयन्ती मनाउँदा हुन्छ तर, त्यो एकता दिवस, नेपाल दिवस भने हैन । यी शब्दावलीको भिन्नै अर्थ हुन्छ । जसको जे भूमिका हो, त्यति मान्ने अतिशयोक्ति हैन ।



**- शिरोमणि ढुंगाना**

पारदर्शी रूपमा हेरौं– अख्तियार भन्ने संस्थाले बतासलाई कर्मचारीतन्त्रमा के खेलेको ? सोध्न पर्दैन ? राष्ट्रिय सतर्कता केन्द्रले फाईल हेर्ने सबै कर्मचारीमाथि अनुसन्धान अगाडी बढाउन पर्दैन ? यत्रो विषयमा सरकार बोल्न पर्दैन ? बस् मिडियालाई दोष दियो । मिडियाबाट नै 'इमेज' बनायो । विषय सकियो ?



**- सुर्यराज आचार्य**

बीबीसीलाई दिएको अन्तर्वार्तामा नर्वेजियन रिफ्युजी काउन्सिलका जेन इगेल्यान्डले भने, 'प्रतिबन्ध र आतंकवाद विरोधी कानूनका कारण अफगानिस्तानसम्म मद्दत पुर्याउन मुश्किल भइरहेको छ। नर्वेजियन रिफ्युजी काउन्सिलका १,४०० कर्मचारी त्यहाँ छन् तर हामीले उनीहरुसम्म मद्दत पुर्याउन सकिरहेका छैनौं। हामी अफगानिस्तानबाट सामान खरिद गर्नुको साटो पाकिस्तान र इरानबाट सामान खरिद गरेर उनीहरुसम्म पुर्याइरहेका छौं। यसरी हामीले लगातार खराब भइरहेको अफगान अर्थव्यवस्थाका लागि थप मुश्किल पैदा गरिरहेका छौं।' उनले भने, 'हामीले त्यहाँको जनसंख्यालाई बन्धक बनाउनु हुँदैन। हामीले उनीहरुसम्म मद्दत पुर्याउनुपर्छ र यसका लागि प्रतिबन्ध हटाउनुपर्छ। यसकारण महिला र बच्चामा कुपोषणको खतरा बढिरहेको छ।'

# ब्राजिलमा भारी वर्षाबाट दश जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** ब्राजिलमा वर्षाबाट कम्तीमा पनि १० जनाको ज्यान गएको छ। दक्षिणपूर्वी ब्राजिलका केही भागमा गएको २४ घन्टादेखि वर्षा निरन्तर रहेको बताइएको छ। सो वर्षाबाट गएको २४ घन्टामा कम्तीमा पनि १० जनाको ज्यान गएको बताइएको छ।



भारी वर्षा जारी रहेपछि त्यहाँ पहिरो गएको छ। पहिरोमा परी एकै परिवारका एक दम्पत्ती र उनीहरुका दुई सन्तान पुरिएका छन्।पुरिएको स्थानबाट उनीहरुको उद्धारको काम जारी रहेको भए पनि भारी वर्षाका कारण निकै कठिन भएको बताइएको छ। सो वर्षाबाट मृत्यु भएका १० जनाको शव भेटिएको बताइएको छ भने अरु केही हराइरहेका बताइएको छ। हराइरहेकाहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। ब्राजिलको दक्षिणपूर्वी क्षेत्रमा गएको २४ घन्टादेखि वर्षा निरन्तर रहेको छ। वर्षा अझै केही समय नरोकिने भएकाले घरबाहिर ननिस्किन सूचना जारी गरिएको छ। वर्षा जारी रहेका स्थानमा भौतिक संरचनाहरु पनि भत्किएकाले केही मानिसलाई उद्धार गरिएको छ।


## कुवेतमा वैदेशिक रोजगार | कम्पनी: CAMCO GLOBAL GENERAL TRADING COMPANY W.L.L. शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७८/०९/२८ चलानी नं.: ६०१७२५९२ LT. No.: 256056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 95 | ३७,०३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ ६ गतेदेखि ९ गतेसम्म (20 to 23 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Group Of Companies
Gov. Lic. No. 625/063/064

**Red Coral Associates Pvt. Ltd.**
Buddhanagar-10, Kathmandu, Tel.: 4797078,4797278
Mo.: 9851171385, 9851171383, 9851171384



## कतारमा रोजगार | कम्पनी: THE SPRINGFIELD KINDERGARTEN शहर: BURAIDAH

पूर्व स्वीकृत मिति: २०७८/०५/३० चलानी नं.: ६०१६३०७१ LT. No.: 245479 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 4 | स. काममा दक्ष | 1300 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ ६ गते (20 January 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम ई. पत्र नं. १२३५/०७४/७५

**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913



## Shailyashikhar Municipality
## Office of Municipal Executive

**Gokuleshwor, Darchula**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2078/09/29**

1. Shailyashikhar Municipality, Gokuleshwor, Darchula invites electronic bids from Nepalese eligible bidders for the Following Works under National Competitive Bidding procedures.

| SN | Contract No. | Description of Work | Total Estimated amount inclusive of VAT & PS in NRs. | Bid Security Amount in NRs. | Cost of Bidding Document in NRs. | Last Date and Time of Bid Submission | Bid opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SM/NCB/ WORKS -02/2078/079 | Construction of Kotakhol Amtoli Papadathala Devathali Road | 80,45,031.94 | 2,00,000 | 3000 | 2078/11/01 12:00 Noon | 2078/11/01 2:00 PM |
| 2 | SM/NCB/ WORKS -03/2078/079 | Construction of Bajad Khadkada Road | 95,90,259.38 | 2,40,000 | 3000 | 2078/11/01 12:00 Noon | 2078/11/01 2:00 PM |
| 3 | SM/NCB/ WORKS -04/2078/079 | Construction of Thulsaini Godhari Road | 95,78,958.05 | 2,40,000 | 3000 | 2078/11/01 12:00 Noon | 2078/11/01 2:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Shailyashikhar Municipality, Gokuleshwor, Darchula, Contact No.:9867867006, E-mail:shailyashikhar.gov@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders should deposit the cost **(i.e. NRs. 3000)** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Mega Bank Ltd., Nepal** **Name of Office : Shailyashikhar Municipality**
   **Office Code no. : 80773402300** **Office Account no. : 0540015252193**
4. Pre-bid meeting shall be held at Shailyashikhar Municipality, Gokuleshwor, Darchula at 5:00 PM on 2077/10/26.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2077/11/07. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2077/10/07 at the office of Shailyashikhar Municipality, Gokuleshwor, Darchula. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format amounting to a minimum of given above item description which shall be valid for 30 days beyond the validity period of the bid.
   In case of cash deposit for bid security:
   **Account Name : Shailyashikhar Municipality** **Guarantee Account Bank Name : Mega Bank, Nepal**
   **Bank Address : Gokuleshwor, Darchula** **Account Number : 0540010020339**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bids without assigning any reason whatsoever and all other terms and conditions will be as per prevailing procurement act 2063 and public procurement regulations 2064 or current Government laws will be applicable.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार



# ‘सम्पादनको मुख्य पक्ष यसको थिम बुझ्न जरुरी छ’

संगीता खत्री नेपाली कला क्षेत्रमा कला सम्पादकको रुपमा परिचित नाम हो । आफ्ना कार्यमार्फत ख्याति कमाउन सफल खत्रीले यो क्षेत्रमा पुऱ्याएको योगदानस्वरुप विभिन्न मान सम्मान, पुरस्कार र अवार्ड प्राप्त गरेकी छिन् । चलचित्र, सिरियल र म्युजिक भिडियोमा उनले आफ्नो उत्कृष्टता प्रदर्शन गरेकी छिन् । उनले ‘दृष्टि’, ‘हाम्रो नेपाल’, ‘एकल महिला’, ‘धोका’, ‘नियत’, ‘जातभात’, ‘विमला’, ‘काजल’, ‘परदेशी’, ‘व्यथा’, ‘तीजको व्यथा’ जस्ता प्रस्तुतिमा आफ्नो क्रियशनमार्फत तारिफ बटुल्न सफल भएकी छिन् । आफ्नो हरेक काममा विशिष्टता प्रस्तुत गर्ने कोशिसमा रहेको बताउने संगीतासँग मध्यान्ह दैनिकका लागि प्रतिक्षा गौतमले गरेको कुराकानीको संम्पादित अंश :

**कला क्षेत्रमा यहाँको प्रवेश कसरी भयो ?**

मेरो रुचीको क्षेत्र हो यो । बिस्तारै बुझ्दै र अध्ययन गर्दै यो क्षेत्रमा आएँ । म यस्तै सन् २००९ देखि यो क्षेत्रमा आएकी हूँ ।

**अहिलेसम्म के कति काम गर्नुभयो ?**

चलचित्र, सर्ट मुभी र म्युजिक भिडियोहरूमा काम गरें । म चलचित्र, सर्ट मुभी र म्युजिक भिडियोमा नै आफूलाई व्यस्त राख्दै आएकी छु । एक दर्जन जति भयो होला अहिलेसम्म आउँदा ।

**कला क्षेत्रमा आउनका लागि के ले प्रेरित गऱ्यो यहाँलाई ?**

मैले माथि पनि भनें मेरो रुचीको क्षेत्र हो यो । रुचीको क्षेत्र भएका हुनाले यो क्षेत्रमा केही उल्लेखनीय कार्य गरौं भन्ने लागिरहन्थ्यो । पहिलादेखि मुभिहरू हेर्थे, कसरी बनाइन्छ भन्ने जिज्ञासा हुन्थ्यो ? पछि सिक्दै बुझ्दै जाँदा मैले योभन्दा राम्रो गर्न सक्छु भन्ने लाग्यो र यो क्षेत्रमा तानिएँ ।

**गाह्रो सजिलो के पाउनुभयो त यो क्षेत्रमा ?**

हरेक क्षेत्रमा राम्रो प्रस्तुति दिनु भनेको जटिल काम नै हो भन्ने लाग्छ । फेरि तपाईंले कसरी लिनुहुन्छ आफ्नो कामलाई भन्ने हो । सामान्य त सबैले गर्ने गर्छन् केही सिकाइ पछि । त्यसमा विशिष्टता प्रस्तुत गर्नु आफैंमा चुनौती हो । म हरेक मेरा काममा विशिष्टता प्रस्तुत गर्ने कोशिसमा हुन्छु । हरेक काममा केही उल्लेखनीय प्रस्तुत गरौं भन्ने लाग्छ । सायद त्यही भएर नै होला भन्ने लाग्छ मेरा कार्यलाई मन पराइएको छ । मलाई पनि सुरु सुरुमा गाह्रो थियो, अहिले सहज छ । सिक्दै गएपछि सहज हुन्छ । गाह्रो त गाह्रो काम नै हो यो । कसरी अझै राम्रो गर्ने भन्ने हुन्छ हरेक प्रस्तुतिमा ।

**आफ्ना प्रस्तुतिलाई दर्शकमाझ पुऱ्याउँदा केमा बढी फोकस हुन जरुरी हुन्छ जस्तो लाग्छ ?**

मलाई के लाग्छ भने राम्रो कामका लागि नै फोकस हुनुपर्छ । समय दिएर काम गर्नुपर्छ । सर्टहरू मिलाउनु पर्छ । क्वालिटीमा ध्यान दिनुपर्छ । कलरमा ध्यान दिनुपर्छ ।

**कतिको च्यालेन्ज हुन्छ ?**

राम्रो प्रस्तुतिका लागि यसमा मात्र होइन हरेक क्षेत्रमा त्यतिकै च्यालेन्ज रहन्छ ।

**तपाईंको भविष्यको योजना ?**

मैले यही क्षेत्रमा नै आफ्नो सपना र विपना एक गरेर अघि बढिरहेकी छु । यही क्षेत्रमा अझ उत्कृष्टता हासिल गर्ने योजना रहेको छ । अझ राम्रो गर्ने योजना छ । यही क्षेत्रमा विशेष पहिचान कायम कसरी गर्ने भनेर हरसमय तल्लिन रहन्छु । यो क्षेत्रबाटै मेरो आफ्नो पहिचान जुन स्थापित भएको छ त्यसलाई अझ व्यापक र विस्तारको योजनामा छु ।

**भविष्य कस्तो देख्नुहुन्छ ?**

राम्रो छ नि । प्रोफेसनल भएर काम गर्नुपऱ्यो । बुझेर सिकेर आफूले राम्रो गर्छु भनेर लाग्दा राम्रो छ ।

**यहाँले गरेका काम मध्ये आफैंलाई मन परेको काम ?**

आफूले गरेका काम सबै राम्रा लाग्छन् । तर, जहिले पनि योभन्दा अझ राम्रो गर्न पाए हुन्थ्यो भन्ने चाहिँ लाग्छ । सबै राम्रै लाग्छ मलाई त । तर ‘एकल महिला’को काम आफैंलाई राम्रो लागेको काम हो ।

**सम्पादन गर्दा चाहिने मुख्य कुरा के बुझ्न जरुरी हुन्छ ?**

मुख्य कुरा यसको थिम बुझ्न जरुरी छ ।



हरेक क्षेत्रमा राम्रो प्रस्तुति दिनु भनेको जटिल काम नै हो भन्ने लाग्छ । फेरि तपाईंले कसरी लिनुहुन्छ आफ्नो कामलाई भन्ने हो ।

**संगीता खत्री**
कला सम्पादक

**एउटा श्रव्य दृश्य सामग्री सम्पादनको कस्तो भूमिका रहन्छ ? के निर्देशक तथा छायाँकारले खिचेर ल्याएका दृश्यलाई काटने र जोड्ने काम मात्रै हो ?**

तपाईंले भने जस्ते विलकुलै होइन । एकदमै होइन । निर्देशक तथा छायाँकारले खिचेर ल्याएका दृश्यलाई सिलसिलेवार कथामा ढाल्ने महत्वपूर्ण जिम्मेवारी फिल्म सम्पादकको हुन्छ । अहिले फिल्मलाई कस्तो बनाउने भनेर निर्देशकहरूले सम्पादकसँग पनि सल्लाह लिने गरेका छन् । काट्ने र जोड्ने काम मात्रै सम्पादन होइन । फिल्मको स्क्रिप्टदेखि नै काम गर्न थालिएको छ ।

**हामीकहाँ सम्पादन गर्नेहरूको अवस्था कस्तो रहेको पाउनुहुन्छ ?**

अहिले फिल्म निर्माणको क्रम बढेसँगै प्राविधिकले पनि राम्रो आम्दानी गरिरहेका छन् । सम्पादनको काम गर्दा आर्थिक रूपमा पनि सक्षम हुने अवस्था आएको छ । धेरै राम्रो छ । पछिल्लो समय कोरोना संक्रमणका कारण ठूलो पर्दाका चलचित्र कम बनेका भएपनि सर्ट भुमि, सिरियल, टेलिचलचित्र, हास्य सिरियल, म्युजिक भिडियामा तथा अन्य दृश्य सामग्रीमा राम्रा फिल्म सम्पादकहरू व्यस्त नै रहेको पाउँछु म ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कोहलपुर शाखा, कोहलपुर नगरपालिका, बाँके
सम्पर्क फोन: ९७७-०८१-५४०८५८/५४०८९१

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री शेर बहादुर राना क्षेत्रीको नातिनी, नरेन्द्र राना क्षेत्रीको छोरी, लुम्बिनी प्रदेश बाँके जिल्ला, कोहलपुर नगरपालिका, वडा नं. ११ हाल कोहलपुर - ११ बस्ने ५५ वर्षकी श्रीमती दिलसरा क्षेत्रीनी को मिति २०७८/०७/०६ (ई.सं. २३/१०/२०२१) मा मृत्यु भएकोले स्व. दिलसरा क्षेत्रीनीको पती हाल कोहलपुर - ११ बस्ने श्री दिलबहादुर वलि क्षेत्रीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको कोहलपुर शाखा, बाँके, कोहलपुर नगर पालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बझाङ शाखा, चैनपुर नगरपालिका, बझाङ
सम्पर्क फोन: ९७७-०९२-४२१४४५/४६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री कृष्ने रोकायाको नाति, जगत बहादुर रोकायाको छोरा, सुदूरपश्चिम प्रदेश बझाङ जिल्ला, माझीगाऊँ वडा नं. ०६ हाल खप्तडछान्ना गाउँपालिका - ०४ बस्ने ४८ वर्षको श्री धर्म बहादुर रोकायाको मिति २०७८/०७/०२ (ई.सं. १९/१०/२०२१) मा मृत्यु भएकोले स्व. श्री धर्म बहादुर रोकायाको छोरा हाल खप्तडछान्ना गाउँपालिका - ०४ बस्ने श्री सत्यम कुमार रोकायाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बझाङ शाखा, चैनपुर नगरपालिका, बझाङमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पथरी शाखा, पथरी शनिश्चरे नगरपालिका, पथरी
सम्पर्क फोन: ९७७-०२१-५५६१०१/०२/०३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री धनबीर राईको नाति, सहरमान राईको छोरा, प्रदेश न १ मोरङ्ग जिल्ला, उर्लाबारी महानगरपालिका वडा नं. २ हाल उर्लाबारी - ०२ बस्ने ८३ वर्षको श्री मिन बहादुर राईको मिति २०७८/०५/२६ (ई.सं. ११/०९/२०२१) मा मृत्यु भएकोले स्व. मिन बहादुर राईकी पत्नी हाल उर्लाबारी - ०२ बस्ने श्रीमती लक्ष्मी बोहोराले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैकको पथरी शाखा, पथरी शनिश्चरे नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
रमाईलो शाखा, कानेपोखरी गाँउपालिका, मोरङ्ग
सम्पर्क फोन: ९७७-०२१-५८५१६२/६३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री लक्ष्मी प्रसाद ओझाको छोरी, अग्नी प्रसाद भट्टराईको पत्नी, १ नं. प्रदेश मोरङ्ग जिल्ला, कानेपोखरी गाँउपालिका वडा नं. १ बस्ने ९३ वर्षकी श्री गोमा देवी भट्टराईको मिति २०७८/०३/०१ (ई.सं. १५/०६/२०२१) मा मृत्यु भएकोले स्व. गोमा देवी भट्टराईको छोरा हाल कानेपोखरी गाँउपालिका वडा नं. १ बस्ने श्री तेज प्रसाद भट्टराईले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको रमाईलो शाखा, कानेपोखरी गाँउपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
तुलसीपुर शाखा, तुलसीपुर उपमहानगरपालिका, दाङ
सम्पर्क फोन: ९७७-०८२-५२३०८६/८७

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री रविलाल भण्डारीको नाति, जेद्दु प्रसाद भण्डारीको छोरा, लुम्बिनी प्रदेश प्युठान जिल्ला, फोप्ली गा.वि.स वडा नं. १ हाल लुम्बिनी प्रदेश तुलसीपुर उपमहानगरपालीका वडा नं. ०७ बस्ने ७१ वर्षको श्री तिलाराम भण्डारीको मिति २०७८/०८/२२ (ई.सं. ०८/१२/२०२१) मा मृत्यु भएकोले स्व. तिलाराम भण्डारीको पत्नी हाल लुम्बिनी प्रदेश तुलसीपुर उपमहानगरपालीका वडा नं. ०७ बस्ने श्रीमती दुत कुमारी भण्डारीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको तुलसीपुर शाखा, तुलसीपुर उपमहानगरपालिका दाङमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
रमाईलो शाखा, कानेपोखरी गाँउपालिका, मोरङ्ग
सम्पर्क फोन: ९७७-०२१-५८५१६२/६३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री कर्ण धोज गुरुङ्गको नाति, भिम वहादरु गुरुङ्गको छोरा, १ नं. प्रदेश मोरङ्ग जिल्ला, कानेपोखरी गाँउपालिका वडा नं. ७ बस्ने ७३ वर्षको श्री लिला कुमार गुरुङ्गको मिति २०७७/१२/१३ (ई.सं. २६/०३/२०२१) मा मृत्यु भएकोले स्व. लिला कुमार गुरुङ्गकी पत्नी हाल कानेपोखरी गाँउपालिका वडा नं. ७ बस्ने श्रीमती बाल कुमारी गुरुङ्गले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको रमाईलो शाखा, कानेपोखरी गाँउपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/२९ गते)**

यस कार्यालयबाट बोलपत्र आह्वान गर्ने सम्बन्धमा मिति २०७८/०७/०२७ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना **Supply of Blueberry Plants & HDPE PE Pipes** अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरु खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरुको रोहवरमा खोली मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उत्त बोलपत्रहरुको प्राविधिक रआर्थिक पक्षको मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उल्लेखित प्रस्तावदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय गरिएको हँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| बोलपत्र नं. | छनौटभएका प्रस्तावदाताको नाम/ठेगाना | बोलपत्र विवरण | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| AMO/NCB/G-03/2078/079 | Dibyaksha Construction and Suppliers, Baneswor 10, Kathmandu | Supply of blueberry plants at Aathbiskot Municipality Office. | NRs. 5497450.00 | |
| AMO/NCB/G-04/2078/079 | Inner Tech Pipes & Fittings Butwal-10 | Supply of HDPE PE Pipes at Aathbiskot Municipality Office. | NRs. 4345980.00 | |

# गल्फमा शुक्रको अग्रता कायमै




**काठमाडौं/मस**-सूर्य नेपाल सेन्ट्रल ओपन गल्फमा शुक्रबहादुर राई दोस्रो दिन पनि शीर्ष स्थानमा रहेका छन् । सूर्य नेपाल गल्फ टूर अन्तर्गत बुधबार २ अण्डर ७० को स्कोर गरेका थिए । समग्रमा शुक्रले ७ अण्डर १३७ स्कोर गरेका छन् । यसैगरी दोस्रो स्थानमा सुवास तामाङ रहेका छन् । उनले ५ अण्डर १३९ को स्कोर गरेका छन् ।

यसैगरी रवी खड्का र भुवन नगरकोटी समान चार अण्डर १४० को स्कोरमा रहेका छन् । रवीले थ्री अण्डर ६९ को स्कोर गर्दा भुवनले २ अण्डर ७० को स्कोर गर्दै बराबरी गरेका हुन् । उनीहरु क्रमश तेस्रो र चौथो स्थानमा रहेका छन् ।

राम मगर ३ अण्डर १४१ स्कोरका साथ पाँचौं स्थानमा रहँदा सद्भाव आचार्य र निरज तामाङ समान छैटौं स्थानमा रहेका छन् । प्रतियोगितामा ३९ प्रोफेशनल र १९ एमेच्योर गल्फरहरुको सहभागिता जरहेको छ । प्रतियोगिताको कुल पुरस्कार राशी ७ लाख ७५ हजार रहेकोमा उपाधि जित्नेले १ लाख ३५ हजार हात पार्ने छ । यसैगरी रनर अपले ८८ हजार प्राप्त गर्दा तेस्रो स्थानमा रहनेले ६५ हजार पाउने छ । प्रतियोगितामा शीर्ष २१ सम्म रहने खेलाडीले नगद पुरस्कार पाउने जनाइएको छ ।

# भारोत्तोलनमा सञ्जु र जुनुमायाको नयाँ कीर्तिमान

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, २८ पुस

बाँकेकी सञ्जु चौधरी र नेपाल प्रहरीकी जुनुमाया छन्त्यालले २४ औं पुरुष तथा ९ औं महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगिता २०२२ मा राष्ट्रिय कीर्तिमान राख्न सफल भएका छन् ।

१३ औं दक्षिण एशियाली खेलकुदकी स्वर्ण पदकधारी सञ्जु चौधरीले ५९ केजी तौल समूहको सिनियर तर्फ आफ्नै नाममा रहेको स्नाचको ७४ केजी, क्लिन एण्ड जर्कमा ९७ केजी र कुलमा १७१ केजी तौलमा सुधार गर्दै स्नाचमा ७८ केजी, क्लिन एण्ड जर्कमा ९८ केजी सहित कुलमा १७६ केजी तौलका साथ नयाँ कीर्तिमान कायम गरेकी हुन् । उनले स्नाचमा पहिलो प्रयासमा ७० केजी भार बहन गरेकीमा दोश्रोमा ७५ केजी तौल भार बहन गर्दै कीर्तिमानमा सुधार गरेकी थिइन् ।

पुनः तेश्रो प्रयासमा ७८ केजीका साथ नयाँ कीर्तिमान




कायम गरेकी हुन् । यस्तै क्लिनमा पहिलो प्रयासमा ९१ केजी भार बहन गरेकी उनले दोश्रो प्रयासमा ९८ केजी भार बहन गर्न असमर्थ भईन् । तर तेश्रो प्रयासमा ९८ केजी तौललाई सहजताका साथ बहन गर्दै कुलमा १७६ केजी भारका साथ नयाँ कीर्तिमान कायम गरेकी हुन् ।

५९ केजी तौलको दोश्रो स्थान प्राप्त गरेकी नेपाली सेनाकी प्रसंशा पुनले स्नाचमा ४८ केजी, क्लिनमा ५७ केजी गरि कुल १०५ केजी भार बहन गरिन् । यस्तै सशस्त्र प्रहरी बलकी सरिता लामाले स्नाचमा ४३ केजी, क्लिनमा ५४ केजीका साथ कुल ९७ केजी भार बहन गरिन् ।

यस्तै ७१ केजी तौलमा नेपाल प्रहरीकी जुनुमाया छन्त्यालले पनि कीर्तिमानमा आफ्नो नाम लेखाईन् । उनले स्नाचमा ६८ केजी र क्लिन एण्ड जर्कमा ८८ केजीका साथ कुल १५६ केजी भार बहन गर्दै कीर्तिमानमा आफ्नो नाम लेखाएकी हुन् । यस अघि यस तौल समूहको कीर्तिमान नेपाल प्रहरीकी राजलक्ष्मी थापाको नाममा रहेको थियो । थापाले स्नाचमा ६७ केजी, क्लिनमा ८७ केजी र कुलमा १५४ केजीको कीर्तिमान तेश्रो सुनिल लाल स्मृती भारोत्तोलन प्रतियोगितामा राखेकी थिईन् । दोश्रो स्थानमा सशस्त्र प्रहरी बलकी सरस्वती गुरुङ्ग रहिन् । उनले स्नाचमा ५८ केजी, क्लिनमा ६९ केजी गरि कुल १२७ केजी भार बहन गरिन् । यस्तै तेश्रो स्थानमा रहेकी सशस्त्र प्रहरीकै अन्जली श्रेष्ठले कुल १०८ केजी भार बहन गरिन् । उनले स्नाचमा ४८ केजी र क्लिनमा ६० केजी भार बहन गरेकी हुन् ।

नेपाल भारोत्तोलन संघको आयोजनामा भएको प्रतियोगिताको ५९ केजी तौल समूहको युथ तर्फ एक्लै प्रतिस्पर्धा गरेकी सप्तरीकी सरिता यादवले स्नाचमा ४६ केजी, क्लिन एण्ड जर्कमा ६० केजीका साथ कुलमा १०६ केजी भारका साथ स्वर्ण हात पारिन् । महिला ५५ केजी तौलको युथमा सप्तरीकी पुजा मण्डलले स्नाचमा ४० केजी, क्लिनमा ५६ केजी गरि कुलमा ९६ केजी भारका साथ स्वर्ण हात पारिन् ।

# पूर्वाञ्चल युनाइटेड सोनापुर गोल्डकपको सेमिफाइनलमा



**सुनसरी/मस**-पूर्वाञ्चल युनाइटेड क्लब सुन्दरहरैचा प्रथम सोनापुर गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । सुनसरीको दुहबी ८ सोनापुरमा जारी प्रतियोगिता अन्तर्गत बुधवार बुधबार भएको तेस्रो क्वाटरफाइनल खेलमा दुहबी स्पोर्टस एकेडेमी माथी २-१ गोल अन्तरको जित निकाल्दै पूर्वाञ्चलले सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो ।

पुर्वाञ्चल युनाइटेडको जितमा अभिषेक कालिकोटे एक्लैले दुई गोल गरे । उनले खेलको ७ औं र ५२ औं मिनेटमा गोल गरेका हुन । दुहबी स्पोर्टस एकेडेमीको तर्फबाट हर्षित चौधरीले ५५ औं मिनेटमा १ गोल फर्काए पनि त्यो जितका लागि पर्याप्त भएन । बुधबार खेलको म्यान अफ द म्याच दुइ गोल गर्न सफल पूर्वाञ्चलका अभिषेक कालिकोटे घोषित हुदै नगद २ हजार रुपैयाँ पाए ।

बिहीवारको अन्तिम क्वाटरफाइनल खेलमा इटहरी फुटबल क्लब र आयोजक मेमोरी युवा क्लबबीच प्रतिस्पर्धा हुने छ । ३ गतेसम्म चल्ने प्रतियोगितामा सुनसरी र मोरङका ८ टिमको सहभागीता रहेको छ । प्रतियोगिता बिजेताले नगद १ लाख र उपबिजेताले ५१ हजार रुपैया पुरस्कार पाउने आयोजक मेमोरी युवा क्लबका सचिव पञ्चनारायण चौधरीले जानकारी दिए ।


## सिरीजङ्घा गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**सूचना प्रकाशित मितिः २०७८।०९।२९**

यस कार्यालयबाट तपसिलमा उल्लिखित ठेक्का सम्वन्धी सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बिबरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | बोलपत्र खोलिएको मिति | सारभूतरुपमा प्रभावग्राही भएको बोलपत्रदताको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (भ्याट तथा पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Sirijangha Gaunpalika 2 no. Wadako Happukholako Kabeli Pul bata Sidingwa Gaunpalika ko 5, 6 no. wadako Bhubhag hudain Sirijangha Gaunpalika 7 no. wada jodine sthan samma Sadak Marmat | NCB/Works/Roads/SRM/12/2078/079 | २०७८।०८।२१ | २०७८।०९।२२ | श्री हेमन निर्माण सेवा, पाँचथर | रु. ३४,२१,०८२।०० | |
| २ | Construction of Eight (8)Road of The Sirijangha Rural Municipality Ward No. 1, 2,3 & 4 | NCB/Works/Roads/SRM/13/2078/079 | २०७८।०८।२१ | २०७८।०९।२२ | श्री सिरीजङ्घा निर्माण सेवा, तेल्लोक, ताप्लेजुङ्ग | रु. ६०,६०,८९३।३८ | |

प्रमुख प्रशासकीय अधिकृत



**मेगा बैंक नेपाल लिमिटेडको**

**बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ५ निवासी डम्बर सिंह थापाको नाति, मोति लाल थापाको छोरा जित बहादुर थापाको मिति २०७७/११/०७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको बुटवल शाखामा रहेका बचत खाता नम्बर ०११००५००५५८२४ बन्द गरी उक्त खातामा रहेको रकम मृतकको श्रीमती बिजु थापाले पाँउ भनि कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खाता उपर निज निवेदिका बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अधिकारवाला हकदारले सबुद प्रमाण सहित दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निवेदन नपरेको अवस्थामा निवेदिकाको माग बमोजिम उक्त खाताको रकम प्रचलित कानून बमोजिम निवेदिकालाई प्रदान गर्ने सम्बन्धमा निर्णय गरिने व्यहोरा जानकारी गराईन्छ ।

**मेगा बैंक नेपाल लिमिटेड**, राईजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल
पोष्ट बक्स. नं. २६५५९, फोन नं.: ९७७-०१-४१६९२१७



**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**मोर्डन स्ट्रक्चर कन्सल्टेन्ट प्रा.लि.** को २०७८।०६।१४ को विशेष साधारण सभाले कम्पनीको नाम परिवर्तन गर्ने सम्वन्धमा विशेष प्रस्ताव पारित गरी कम्पनीको नाम **एम.एम.एस.मोर्डन स्ट्रक्चर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** कायम गर्ने निर्णय गरेकोमा श्री कम्पनी रजिट्रारको कार्यालयवाट मिति २०७८।०६।१८ को निर्णयवाट साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोनुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा उक्त नाम परिवर्तन गर्न स्विकृति प्रदान गरेको हुदा उक्त **मोर्डन स्ट्रक्चर कन्सल्टेन्ट प्रा.लि.** नाम परिवर्तन भई **एम.एम.एस.मोर्डन स्ट्रक्चर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** कायम हुन गएको व्यहोरा सम्वन्धीत सवैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०९/२९**

**गोल्डेन सनराइज ल्याडग्वेज सेन्टर प्रा.लि**को मिति २०७८/०९/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जि.एस.आर. एजुकेशनल एकेडेमी प्रा.लि,(प्रा.लि.नं.:२२२९००)**, कायम गर्ने गरी मिति २०७८/०९/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०९/२९

यस कम्पनीको मिति २०७४/०७/१५ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ग्लोबल एजुकेशन एण्ड माइग्रेशन सोलुसन प्रा.लि. (प्रा.लि. नं. १६९७९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/०७/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्लोबल एजुकेशन एण्ड म्युजिक्ल स्टोडि सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/०८/१५ मा दर्ता भएको **प्रा.लि. नं. ५२०८२** को **हिमालयन प्यासिफिक एजुकेशनल कन्सल्टेन्सी प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०८/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भ्यागुते, प्युठान

**बोलपत्रको सूचना सच्याइएको वारे**

मितिः २०७८/०९/२८ (२०२२/०१/१२)

यस कार्यालय बाट मिति २०७८/०९/२७ (२०२२/०१/११) मा https://bolpatra.gov.np/egp मार्फत Rumghas, dihalna drinking water supply project का लागि आवह्वान गरिएको वोलपत्रको सूचनामा Invitation for Bids for the rumghas, dihalna drinking water supply project हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको सूचना सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।



**श्री विजया माध्यमिक विद्यालय**
दुल्लू नगरपालिका-७, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सच्याइएको सम्बन्धी सूचना**

यस विजया माध्यमिक विद्यालयको मिति २०७८ पौष २८ गते यस मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना (Invitation for Electronic Bids) मा Contract ID: Works/NCB/01/2078/079 को **Estimated Amount Without VAT & Contingencies (NRs) 6185112.91** र **Bid Security Amount (NRs) 210000.00** हुनुपर्नेमा अन्यथा हुन गएकोले यसै सूचनाद्वारा सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

प्रधानाध्यापक



## आठराई त्रिवेणी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
प्रदेश नं.१, नेपाल

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८।०९।२९)**

आठराई त्रिवेणी गाउँपालिकामा स्वास्थ्य, इन्जिनियरिङ्ग तथा सूचना प्रविधि अधिकृततर्फ रहने गरी तपशिलका पदमा देहायको संख्या र योग्यता भएका प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम आठराई त्रिवेणी कार्यालयबाट वा गाउँपालिकाको वेबसाइट www.aathraitribenimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**तपशिलः**

| विज्ञापन नं | पद | सेवा | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| ०५/०७८/७९ | सूचना प्रविधि अधिकृत | विविध | १ | १००० |
| ०६/०७८/७९ | कोभिड नर्स पाँचौ | स्वास्थ्य | १ | ४०० |
| ०७/०७८/७९ | सब-इन्जिनियर | इन्जिनियरिङ्ग | २ | ४०० |

**आवश्यक न्युनतम योग्यता र अनुभवः**

**१. शैक्षिक योग्यता**

क. सूचना प्रविधि अधिकृतको हकमा लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट BE Electronics and Communication Engineering, BTech Electronics and communication Engineering, Computer वा Information and Communications Technologies वा सो सरहको विषय मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, B.Sc IT, B.Sc CSIT) उतिर्ण भएको ।

ख. सब–ईन्जिनियरको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा डिप्लोमा वा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ र भवन सम्बन्धी काम गरेकालाई प्राथमिकता दिईने छ ।

ग. कोभिड नर्स पाँचौ हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उर्त्तिण गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको ।

२. परिक्षाको किसिमः आठराई त्रिवेणी गाउँपालिकामा करारमा प्रविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, बमोजिम हुनेछ ।

**३. उमेरः सूचना प्रविधि अधिकृत, सब–ईन्जिनियर र कोभिड नर्स पाँचौ पदका लागि पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।**

**४. परिक्षा केन्द्रः आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ ।**

**५. दरखास्त दिने अन्तिम मितिः २०७८/१०/१३ गते कार्यालय समय सम्म ।**

**६. दरखास्त बुझाउने स्थानः आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ ।**

**७. आवेदन तथा संलग्न कागजातहरुः**

क. नागरिकताको प्रमाणित प्रतिलिपि

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (नेपाल बाहिरको प्रमाण पत्र भए नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट equivalence गरिएको प्रमाणपत्र)

ग. सीप परिक्षणका प्रमाणपत्रको प्रतिलिपि

घ. अनुभवका प्रतिलिपि प्रमाणपत्रहरु

ङ. ३ प्रति पासपोर्ट साईजको फोटो ।

**८ सेवा अवधि र सुविधा गाउँपालिकाको नियमानुसार ।**

**नोटः राष्ट्रिय वाणिज्य बैक, हाङपाङ शाखामा रहेको आठराई त्रिवेणी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं AATHRAI GA.PA-(GA-1-1)-AANTARIK RAJ २६७०१००३०१०१०००२ मा परिक्षा दस्तुर जम्मा गरेको भौचर र दरखास्त फारम सहित आवश्यक कागजात अपलोड गरि aathrai.tribenimun@gmail.com मार्फत पनि आवदेन दिन सकिनेछ । अन्य जानकारीका लागि ९८४२६४२९७१ मा सम्पर्क राख्न सकिनेछ ।**

प्रमुख प्रशासकीय अधिकृत




# ओमिक्रोनको कारण नेपालको आर्थिक वृद्धिदर खुम्चिने

## सन् २०२२ मा ३.९ प्रतिशतमा सीमित रहने

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २५ पुस

कोरोना भाइरसको नयाँ स्वरुप ओमिक्रोनले विश्वव्यापी महामारीको रुप लिइरहेको छ। दैनिक रुपमा लाखौं मानिसहरु सो भाइरसबाट संक्रमित हुने गरेको तथ्यांकले देखाएको छ। दक्षिण एसियाली मुलुकमा पनि ओमिक्रोनको प्रकोप दैनिक रुपमा बढ्दो छ। पुस २८ गते सार्वजनिक भएको सुचना अनुसार २४ घण्टामा ३ हजार ७५ जनामा कोरोना भाइरस संक्रमण भएको देखिएको छ। अघिल्लो दिनको तुलनामा ६ सय बढी संख्यालाई संक्रमण बढी भएको देखिएको हो। पुस २५ गते बसेको सिसिएमसीको बैठकले १५ माघ सम्मलाई विद्यालय बन्द गर्न शिक्षा मन्त्रालयलाई सिफारिस गरेको छ। यदी कोरोना संक्रमणको अवस्था बढ्दै गएमा त्यसको नियन्त्रणका लागि संघीय वा स्थानीय सरकारले अन्य थप कदम चाल्दै जान सक्दछन् र आर्थिक चलायमान हुने क्षेत्रलाई असर पर्न सक्ने हुन्छ। जसले गर्दा नेपालको आर्थिक वृद्धिदर नै खुम्चिन सक्छ।

चालु आर्थिक वर्षमा मुलुकको कूल गार्हस्थ्य उत्पादन ३ दशमलव ९ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ। विश्व बैंकले 'विश्वव्यापी आर्थिक सम्भावना' शीर्षकमा पुस २८ गते जारी गरेको प्रतिवेदनमा सन् २०२२/२३ मा नेपालको आर्थिक वृद्धिदर ३ दशमलव ९ प्रतिशत हुने अनुमान गरिएको छ। महामारीबाट बच्न खोप लगाउने जनसंख्यामा बढोत्तरीसँगै कृषि उत्पादकत्वमा हुने वृद्धि र सेवा क्षेत्रमा देखिएका केही सुधारका आधारमा बैंकले चालु आवमा नेपालको आर्थिक वृद्धि ३ दशमलव ९ प्रतिशतमा संकुचित हुने प्रक्षेपण गरेको हो।

कोभिड-१९ को महामारीले निम्त्याएको नयाँ जोखिम, मुद्रास्फीति, ऋण र असमानतामा वृद्धिबीच दक्षिण एशियाका उदीयमान र विकासशील अर्थतन्त्र पुनः मन्दितर्फ उन्मुख भएका प्रतिवेदनले औंल्याएको छ। महामारीभन्दा अघिको अवस्थामा फर्कने क्रममा रहेका केही दक्षिण एशियाली देशको अर्थतन्त्र कोभिड-१९ को अर्को लहरले प्रभावित हुने जोखिम बढाएको जनाइएको छ। सन् २०२१ को मध्यतिर कोभिडको दोस्रो ठूलो लहरले विश्वअर्थतन्त्रमा विशाल आर्थिक क्षति व्यहोर्नुपरेको उल्लेख गर्दै प्रतिवेदनमा सन् २०२३ सम्म नै विश्वअर्थतन्त्र शिथिल रहने प्रक्षेपण गरिएको छ।

चालु आवमा नेपाल सरकारले भने ७ प्रतिशत हाराहारी आर्थिक वृद्धिदर हुने आंकडा बताइरहेको छ। तर, विश्व बैंक भने प्रारम्भिक समयबाट नै आफ्नो प्रक्षेपणमा अडान राख्दै आएको छ। कोरोना विरुद्धको खोप अभियान र अर्थतन्त्र चलायमान भइरहेको अवस्थामा सो वृद्धिदर हासिल हुन सक्ने अनुमान विश्व बैंकले गरेको छ। विश्व बैंकका अनुसार सन् २०२२ मा सार्क मुलुकमध्ये सबैभन्दा राम्रो आर्थिक वृद्धिदर माल्दिभ्सले गर्नेछ। मालिदिभ्सले ११ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने छ। दोस्रो स्थानमा भारतले ८ दशमलव ३ प्रतिशतको वृद्धिदर प्राप्त गर्नेछ। त्यस्तै भुटानले ५ दशमलव १ प्रतिशतको वृद्धिदर भेटाउने देखिएको छ। नेपालले आगामी वर्ष भने ४ दशमलव ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने विश्व बैंकले प्रक्षेपण गरेको छ।

# बतासको उच्च तहका नेतासँग सम्बन्ध भएको स्वीकार

**काठमाडौं/मस** - विवादमा तानिएको बतास अर्गनाइजेशनले अध्यक्ष आनन्दराज बतासमार्फत ७ बुँदे विज्ञप्ति जारी गर्दै सञ्चारमाध्यमले सत्यतथ्य नबुझी एकपक्षीय रुपमा समाचार प्रकाशित गरेको आरोप लगाएको छ। विज्ञप्तिमार्फत नेपाली सञ्चार माध्यमहरुलाई पत्रकारिताको पाठ सिकाउने उद्देश्य भने आफ्नो नभएको बतासले बताएका छन्। बतासले नारायणहिटी दरबार संग्रहालय क्याफ्टेरिया भाडा, नेपाल भारतमैत्री पशुपति धर्मशाला, पाटन दरबार क्षेत्र, मानहुँकोट, गण्डकी कृषि सामाग्री केन्द्र, अक्सिजन प्लान्ट, सेती नदी अन्तर्गत रामघाट र मोरे खहरे क्षेत्रमा ड्याम निर्माणसम्बन्धी ठेक्काका सन्दर्भमा विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गरेका छन्।

बतासले उल्लेखित ठाउँहरुमा सम्झौता गरेर मात्रै काम गरेको बताएको छ। तर, स्थापित कतिपय सञ्चारमाध्यमले मासिकलाई वार्षिक भन्दै समाचार प्रकाशन गरेको उनले गुनासो गरे। 'सो भाडा समेत हाल रहेको क्याफिटेरीया भवनको २३०० वर्गफिटको मात्र हो र त्यस भवन बाहेक प्रत्यक्ष रुपमा जे जति रुपमा जग्गा प्रयोग हुन्छ सो अनुपातमा नारायणहिटी दरबार संग्रहालयको बैठकले तोके बमोजिमको थप भाडा तिर्नुपर्ने शर्त सम्झौतामा स्पष्ट रुपमा उल्लेख हुँदाहुँदै सो विषयलाई अतिरञ्जित ढङ्गले प्रस्तुत गर्नुमा नियत मै खोट देखियो भन्ने हाम्रो टिप्पणी गलत सिद्ध हुदैन', विज्ञप्तिमा बतासले भनेका छन्।

नेपाल-भारत मैत्री पशुपति धर्मशाला नियम संगत ढंगले आफूले सञ्चालन गरेको दाबी गर्दै बतासले धर्मशाला भाडामा दिने जिम्मेवार निकाय पशुपति विकास कोषलाई प्रश्न नगरेर आफुलाई बद्नाम गर्न खोजिएको बताएका छन्। पाटन दरबार क्षेत्रमा पनि केही वर्ष अघिदेखि नै बतास अर्गनाईजेशनले केही कवलकोठाहरु भाडामा लिएको बताएको छ। ती कोठाहरु अन्य पक्षलाई नै भाडामा दिनेगरी लिएको बतासले जनाएका छन्। बतासले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा अक्सिजन प्लान्ट स्थापनाका लागि उपकरण नेपालसम्म ल्याउन ढिलो भएको जनाएका छन्, जसकारणले काम समयमा काम सम्पन्न गर्न नसकिएको उनको भनाई छ।

पोखरा स्थित सेती नदीको रामघाट र मोरे खहरे क्षेत्रमा स्थायी ड्याम निर्माण गरी ३५ वर्ष सम्म नदीजन्य सामाग्री संकलन तथा निकासी गर्ने प्रयोजन गर्ने काम सुरु भइनसकेको बतासले उल्लेख गरेका छन्। उनका अनुसार पोखरा महानगरपालिकाले सार्वजनिक निजी साझेदारी मोडेलमा काम गर्न प्रस्ताव आह्वान गरेको र सो प्रक्रियामै रहेको बिज्ञप्तिमा जनाइएको छ। बतासले उच्च तहका नेतासँग आफ्नो राम्रो सम्बन्ध भएको स्वीकारेका छन्। ' बतास समूह नेपालको राजधानी सहर र प्रमुख पर्यटकीय नगरी पोखरामा सार्वजनिक सेवा, पर्यटन देखि सवारी र स्वास्थ्य क्षेत्रसँग समेत सम्बन्धित व्यापार व्यवसायमा सक्रिय रहेको हुँदा नेपालका सबैजसो दलका उच्च तहका नेता, सरकारी सेवाका वरिष्ठ कर्मचारी, विभिन्न तह र तप्कामा रहेका व्यवसायिक व्यक्तित्व देखि सर्वसाधारणसम्म हाम्रो अनेकौं आयामका सकारात्मक सम्बन्धहरू रहनु स्वाभाविक हो', विज्ञप्तिमा भनिएको छ।

# आइएमई जनरल इन्स्योरेन्सद्वारा बीमा अभिकर्ताको तालिम

**काठमाडौं/मस** - बीमा समितिबाट जारी कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ बमोजिम आइएमई जनरल इन्स्योरेन्स लिमिटेडद्वारा कृषि तथा पशुपंक्षी बीमा अभिकर्ता तालिम सम्पन्न गरेको छ। कम्पनीले ०७७ पुस २५ देखि पुस २८ गते सम्म रुपमा कम्पनीसँग आवद्ध भई कार्य गर्न इच्छुक व्यक्तिहरुको लागि कृषि तथा पशुपंक्षी बीमा अभिकर्ताको तालिम सम्पन्न गरेको छ।

उक्त तालिम पश्चात कम्पनीसँग आवद्ध भई कार्य गर्ने बीमा अभिकर्ताहरुले कम्पनी र ग्राहकहरुबीच आफ्नो योग्यता, तालिम तथा कम्पनीबाट प्राप्त ज्ञानको आधारमा बीमा कम्पनी र ग्राहकहरुको बीचमा राम्रो भूमिका खेली सेतुको रुपमा काम गर्ने अपेक्षा कम्पनीले लिएको छ। तालिममा देशभरबाट उत्सहाजनक सहभागिता रहेको कम्पनीले जनाएको छ। तालिमबाट बीमा समितिले निर्देश गरे बमोजिम कृषि तथा पशुपंक्षी बीमामा उल्लेख्य वृद्धि भई ग्राहकहरुले सहज रुपमा बीमा सेवा प्राप्त गर्ने अपेक्षा कम्पनीले लिएको छ।

# ज्योति विकास बैंकद्वारा ४ अस्पताललाई बेबी वार्मर हस्तान्तरण

**काठमाडौं/मस** – ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वको निम्ति स्थापित हाम्रो विकास प्रवर्द्धन कोष मार्फत भिंग्री प्राथमिक स्वास्थ्य केन्द्र प्युठान, महादेवपुरी स्वास्थ्य चौकी बाँके, बर्दिया जिल्ला अस्पताल र स्वास्थ्य सेवा कार्यालय जाजरकोट गरी थप ४ ठाउँमा राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबी वार्मर प्रदान गरेको छ। बैंकले यी विभिन्न अस्पतालहरुलाई नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मर प्रदान गरेको हो।

अस्पतालहरुमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका विभिन्न पदाधिकारीहरु बाट भिंग्री प्राथमिक स्वास्थ्य केन्द्र, महादेवपुरी स्वास्थ्य चौकी बाँके, बर्दिया जिल्ला अस्पताल र जाजरकोट स्वास्थ्य सेवा कार्यालयका पदाधिकारीहरु लगायत सम्बन्धित क्षेत्रका विभिन्न पदाधिकारीहरुको उपस्थितिका बिच सो बेबी वार्मर औपचारिक रुपमा हस्तान्तरण गरिएको हो। साथै सोही कार्यक्रमकाबीच अस्पतालका



डाक्टर, नर्स लगायत विभिन्न सम्बन्धित कर्मचारीहरुलाई बेबी वार्मर संचालन सम्बन्धि विशेष तालिम पनि प्रदान गराईएको थियो।

नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने बेबी वार्मरबाट स्वर्गद्वारी नगरपालिका भिंग्री, प्युठान स्थित प्राथमिक स्वास्थ्य केन्द्र, राप्ती सोनारी गाउँपालिका वडा नं.९ बाँके स्थित महादेवपुरी स्वास्थ्य चौकी, गुलरिया नगरपालिका वडा नं. ६ स्थित बर्दिया जिल्लाल अस्पताल र भेरी नगरपालिका वडा नं. ३ स्थित स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा प्रसुति सेवा लिन आउने प्रत्यक्ष्य रुपमा लाभान्वित हुनेछन्।

नेपाली समाजमा स्थानीय तहमा सुषुप्तरुपमा रहेका सम्भावनाहरुको पहिचान गरी त्यस्ता सम्भावनाहरुलाई उजागर गर्नको लागि सहयोगी बन्ने मूल उद्देश्यबाट निर्देशित हाम्रो विकास प्रवर्द्धन कोष मार्फत ज्योति विकास बैंकले विभिन्न सामाजिक संस्था तथा नागरिकहरुसँग प्रत्यक्ष रुपमा जोडिएर सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु गर्दै आएको छ।



**पुल जीर्ण** : रूपन्देही जिल्लाको सुनवलमा अवस्थित तुरिया पुल जीर्ण अवस्थामा। *तस्वीर : चन्द्रकला क्षेत्री/रासस*

# यती एयरलाइन्सका यात्रुलाई पठाओमा ५० प्रतिशतसम्म छुट

**काठमाडौं/मस** - यती एयरलाइन्सका यात्रुहरुले अब पठाओ सेवामा विशेष छुट पाउने भएका छन्। यात्रुहरुको सहजता र सुलभतालाई ध्यान दिँदै एयरलाइन्स र पठाओबीच सम्झौता भएको जनाइएको छ। राजधानीमा एक कार्यक्रमकाबीच दुई कम्पनीले व्यवसायीक साझेदारीको सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। सम्झौता अनुसार यात्रुले यती एयरलाइन्सको मोबाइल एप वा वेबसाइटबाट हवाई टिकट खरिद गर्दा पठाओको बाइक राइडमा २० प्रतिशत छूट पाउन सक्नेछन् बताइएको छ। त्यस्तै कार लाइट (ट्याक्सी) मा अधिकतम् ५० प्रतिशत (१७५ रुपैयाँ सम्म) छुट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। काठमाडौ उपत्यकाका यात्रुलाई एयरपोर्ट सम्म जान र आफ्नो गन्तव्यबाट एयरपोर्ट फर्किएपछि स्थानीय गन्तव्यसम्म पुग्न सहजताको लागि यती एयरलाइन्स र पठाओले संयुक्त सहकार्यमा 'सहज यात्रा' अफर ल्याएको बताइएको छ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**